www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine

पाक्षिक



प्रतिष्ठानले कहिल्यै शिव वि.क.को कदर गरेन ९

वर्ष १, अंक ६, २०७३ पौष १५ देखि ३० सम्म

रु.१५।-



# रोयल्टीको रौनक

पछिल्लो समय नेपालमा पनि रोयल्टीले केही बजार पाउन थालेको छ । रोयल्टी संकलन समाजको स्थापनापछि भएका धेरै कार्यहरुले बल्ल बल्ल स्थापित हुने मौका पाइरहेकै बेलामा कलाकारहरुले राम्रो काम गर्दा रोयल्टी पाइने रहेछ भन्ने वातावरण एकातिर सिर्जना भएको छ भने अर्कोतिर रोयल्टी कसले पाउने भन्नेहरुको जमातभित्र प्रश्न पनि तेर्सिएको छ । जे हो स्रष्टाको सिर्जनामाथि लगानी गर्नेले पाउने वा प्रस्तोताले वा गीतकार संगीतकारले भन्ने कुरामा संगीतकर्मीबीच मतभेद देखिँदै आएको पनि छ । अन्तर्राष्ट्रिय नियम र कानून अनुसार रोयल्टीको बितरण कार्य हुनुपर्ने हो । त्यही नियम र कानूनभित्र नेपालमा पनि रोयल्टी कलेक्सन र बितरणको कार्य भइरहेको हो । पछिल्लो संगीतलाई प्रयोग गरेर व्यवसाय अथवा अर्थोपार्जन गर्नेहरुबाटै रोयल्टी नतिरिएको अवस्था छ । जसलाई कानूनी दायारामा ल्याएर रोयल्टी तिर्नुपर्छ भन्ने वातावरण सिर्जना भइरहेको छ । केही समय अगाडि प्रस्तोता समाजले बितरण गरेको रोयल्टीको विषयलाई लिएर म्यूजिक खबरले तयार पारेको रिपोर्टिङ पृष्ठ ५ मा



## रिलिज कर्नर

### जोशीले ल्याए श्रावणी




गीतकार श्रवणकुमार जोशीको एकल एल्बम 'श्रावणी' सार्वजनिक भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एल्बमको सार्वजनिक गरेका थिए। उनले विमोचनपछि बोल्दै प्रचण्डले आफु पनि संगीतको पारखी भएको र पढ्ने समयमा सबैभन्दा बढी गीत सुन्ने गरेको बताएका छन् । उनले गीतकार जोशी ब्यबसायीका अलावा राम्रा गीतकार भएको समेत तर्क गरे । 'श्रावणी'मा सङ्गीतका सुनिल मास्केको एकल सङ्गीत तथा शिव परियार र मिलन अमात्यको संयुक्त स्वर रहेको छ ।

### माण्डवीको ढोल बज्यो



गीतिलेखनको क्षेत्रमा आफूलाई व्यस्त बनाएका गीतकार शिव पी. सुवेदीको शब्द रचना रहेको एवमं चर्चित गायिका माण्डवी त्रिपाठीको स्वर रहेको गीत 'ढोल बज्यो, बज्यो सहनाई' बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक गरिएको छ । चर्चित संगीतकार विपिन आचार्यको संगीत रहेको यस गीतको म्यूजिक भिडियोमा विपिन आफैं मोडलिङ गरेका छन् । त्यस्तै चलचित्र र म्यूजिक भिडियोमा अभिनय गर्दै आइरहेकी अभिनेत्री अनु शाहले विपिनलाई अभिनयमा साथ दिएकी छिन् । म्यूजिक भिडियोलाई वसन्त निरौलाले निर्देशन गरेका हुन् भने पवित्रा आचार्यको कोरियोग्राफी रहेको छ । दिव्य सुवेदीको छायाँकन रहेको यस म्यूजिक भिडियो रोमान्टिक शैलीको बनेको छ ।

### सुनिलको माया जोख्ने तुलो



गोर्खा चौतारी म्यूजिकबाट बजारमा आएको 'माया जोख्ने तुलो' यतिबेला बजारमा चर्चामा छ। विष्णु माझी र भागिरथ चलाउनेको स्वरमा रहेको माया जोख्ने तुलोलाई कुलबहादुर बोहराको शब्द रहेको माया जोख्ने तुलोको संगीत भने भागिरथ चलाउनेले गरेका हुन् । सुनिल लामिछानेको प्रस्तुतिमा रहेको माया जोख्ने तुलोमा सगुन शाही र लामिछानेले अभिनय गरेका छन् भने कुमार केसीको निर्देशन रहेको छ। अजय रेग्मीको छायाँकन रहेको यस गीतको म्यूजिक भिडियोलाई अनुप शिवाकोटीले सम्पादन गरेका हुन् ।

### लिम्बू भाषामा सिरापधाङ



गायक तथा संगीतकार जेपी नेम्बाङ लिम्बू भाषाको गीत तथा भिडियो लिएर आएका छन् । 'सिरापधाङ' बोलको गीतलाई जेपीले भिडियोमा सार्वजनिक गरेका हुन् । 'सिरापधाङ' मा दिनेश माङ्मु लिम्बूको निर्देशन रहेको छ। भिडियोमा लिम्बू भाषा, संस्कृति र भेषभूषा भिडियो झल्काएको छ । यस भिडियोमा गायक जेपीका अलावा सिर्जना तबेबुङ र सालु फेम्बोले अभिनय गरेका छन् । अन्छुमे नाशनको शब्दरचना रहेको यस गीतमा जेपीकै संगीत रहेको छ भने म्युजिक एरेञ्ज अशोक लोहरूङ राईले गरेका हुन् । भिडियोमा अर्जुन तिवारीको छायांकन, निशान घिमिरेको सम्पादन रहेको छ । जेपीले लिम्बू भाषाका अलावा विभिन्न आधुनिक तथा चलचित्रहरूमा स्वर तथा संगीत गरिसकेका छन् ।

# कल्याणकारी कोषमा पर्वतको ५० हजार



**म्यूजिकखबर** । संगीतकार संघ नेपालको संगीतकार कल्याणकारी कोषमा गायक तथा संगीतकार तुला पर्वतको ५० हजार रूपैयाँ प्राप्त भएको छ । विदेशमा बस्दै आएका गायक तथा संगीतकार पर्वतले आफ्नी धर्मपत्नी पार्वती कुँवर, छोरी श्रीषा कुँवर र छोराको हातबाट संगीतकार संघलाई हस्तान्तरण गरेकी थिइन् । अनामनगरस्थित विनायो क्याफेमा एक कार्यक्रमको आयोजना गरी उक्त रकम संगीतकार संघका अध्यक्ष लक्ष्मण शेष, संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारी, संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीको हातमा हस्तान्तर गरिएको थियो ।

म्यूजिक संसार प्रालिको आयोजना तथा संगीत कला पत्रकार संघको संयोजनमा भएको उक्त कार्यक्रममा गायक तथा संगीतकार तुला पर्वतकी छोरी श्रीषा कुँवरले हल्का हल्का बोलको गीत गाएर सुनाएकी थिइन् । उनको गीतसँगै सुरू भएको उक्त कार्यक्रममा रकम हस्तान्तरण पछि बोल्दै संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीले तुला पर्वतको कार्यको प्रशंसा गर्दै संगीतकर्मीको हक हितका लागि गरिएको यो महान कार्य सबैले हातेमालो गर्दै कोष बृद्धिमा लाग्नुपर्ने बताएका थिए । अधिकारीले गायिका श्रीषाको स्वरको प्रशंसा गर्दै राम्रो स्वरका कारण स्थापित हुने लक्षण रहेको बताएका थिए । गायक तथा संगीतकार तुला पर्वतले विदेशी भूमिमा रहेर कमाएको पसिनाको मूल्यलाई संगीतकार कल्याणकारी कोषमा दिएर महान् कार्य गर्नुभएकोमा आभार प्रकट गरेका थिए । त्यसैगरी संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेषले कार्यक्रमलाई सम्बोधन गर्दै तुला पर्वतको अतुलनीय कार्यले आगामी दिनमा कसैले पनि अकालको मृत्यु रोज्न बाध्य हुनु नपर्ने बताएका थिए । शेषले तुला पर्वतले गरेको महान कार्यमा उहाँको परिवार नै लागेको हुँदा यो मनकारी परिवारप्रति सबैले सद्भाव व्यक्त गर्नुपर्ने बताएका थिए । आगामी दिनमा संगीत कला पत्रकार संघसँग मिलेर कल्याण्कारी कोष निर्माणलगायतका संगीतकारका कामहरू अगाडि बढाउने बताउँदै शेषले कल्याणकारी कोषमा सबैले हातेमालो गर्नुपर्ने बताएका थिए ।

संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीले गायक तथा संगीतकार तुला पर्वतले गरेको पुण्य कार्यमा आभार प्रकट गर्दै विदेशमा गएर धेरैले कमाउँछन् स्वदेशमा आएर ऐश आराम र माटोमा लगानी गर्छन् तर तुला पर्वतले सम्पूर्ण संगीतकर्मीहरूको बचाउको लागि गरिएको महान् कार्यमा लगानी गर्नुभएकोमा मुरी मुरी धन्यवाद दिनुपर्ने बताएका थिए । कार्यक्रम म्यूजिक संसार प्रालिका अध्यक्ष लोकराज अधिकारीले संचालन गरेका थिए ।

# लामिछानेलाई प्रतिष्ठानको सहयोग



घाँस काट्ने खुर्केर आयो जोवन हुर्केर, पिढिंमा बसेर मेरै बाटो हेरेर मेरी आमा रूँदी हुन् मलाई सम्झेर जस्ता चर्चित र कर्णप्रिय गीतहरूका गायक बुद्धिकृष्ण लामिछानेलाई राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालले सहयोग प्रदान गरेको छ । प्रतिष्ठानको कार्यालयमा गायक लामिछानेलाई अध्यक्ष बद्री पंगेनी, लोकदोहोरी प्रतिष्ठान कलाकार कल्याणकारी कोषका अध्यक्ष एवं प्रतिष्ठानका पूर्व अध्यक्ष दुर्गा रायमाझीको हातबाट रू ३० हजार १ सय रूपैयाँ सहयोग हस्तान्तरण गरिएको थियो । सहयोग लिनका लागि प्रतिष्ठानको कार्यालय अनामनगरमा गायक लामिछाने आफैं आएका थिए ।

गायक लामिछानेलाई सहयोग हस्तान्तरण गर्दै प्रतिष्ठानका अध्यक्ष पंगेनीले भने– 'हामीले भन्यौ बुद्धिकृष्ण दाइ हामी हजुरलाइ भेट्न हजुरको घरमा आउँदैछौ। तर दाइले भन्नु भयो म धेरै ठिक भए म आफै लोक तथा दोहोरी गीत प्रतिष्ठानको कार्यालयमा आउँछु ।' नभन्दै गायक लामिछाने प्रतिष्ठानको कार्यालय अनामनगरमा नै आउनुभयो र हामीले सकेको सहयोग गऱ्यौं, संस्थाले सम्झेकोमा दाइ धेरै खुशी हुनुभयो, अध्यक्ष पंगेनीले भने । गायक लामिछाने विगत लामो समयदेखि उच्च रक्तचाप र मधुमेहबाट पीडित बनेपछि प्यारालाइसिसबाट थलिएका थिए ।

# गीतकार संघको अध्यक्षमा चुडामणि



गीतकार संघ नेपालको छैठौं साधारणसभा एवं तेस्रो अधिवेशनबाट गीतकार चुडामणि देवकोटाको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन भएको छ । योगेन्द्रमणि दाहालले नेतृत्व गरिरहेको संघको छैठौं अधिवेशनबाट चुडामणिको नेतृत्व पाएको हो। जसअनुसार भरत बमजन उपाध्यक्ष, शुभ मुकारूङ महासचिव, वसन्त वित्यासी थापा सचिव, सुशीला पौडेल कोषाध्यक्षमा चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा गोविन्द गिरी, बालक गुरूङ, धरा रानी, अमृतलाल सुनार देवकोटा, चन्द्रा चाम्लिङ र दिलेन्द्र मुकारूङ चयन भएका छन्। अध्यक्षमा निर्वाचित भएपछि देवकोटाले सबैको विचारलाई लिएर अगाडि बढ्ने हुँदा भावी योजना सबै गीतकारहरूको साझा हुने बताउँदै अब कार्यसमितिले के गर्ने भन्नेमा निर्णय गरेर लैजाने बताए ।

पछिल्लो समय संघमा नेतृत्वविहीन बनेको अवस्थामा उपाध्यक्ष विपिन किरण र सचिव राम भट्टराईले राजिनामा दिएपछि संघलाई कसरी अगाडि बढाउने भन्नेमा महासचिव शुभ मुकारूङलाई अफ्ठ्यारो अवस्था सिर्जना भएको बताइएको थियो ।



# कलाकारलाई रोयल्टी, अग्रजलाई सम्मान




**म्यूजिकखबर** । प्रस्तोता समाज नेपालले मंगलबार राजधानीमा कलाकारलाई रोयल्टी बितरण गरेको छ भने १० अग्रज स्रष्टालाई सम्मान गर्दै सम्मानको संस्कार बसाएको छ। बितरण गरिएको रोयल्टीमा गायिका अन्जु पन्त र गायक प्रमोद खरेल अगाडि देखिएका छन् । एनसेलले तिरेको चार महिनाको रोयल्टीबाट गायिका अन्जुले १ लाख ४४ हजार २ सय ९९ प्राप्त गरिन् भने प्रमोद खरेलले ८५ हजार १ सय ४५ रूपैयाँ रोयल्टी बुझ्न सफल भए । उनीहरूको गीत गएको चार महिनाको अवधिमा सबैभन्दा धेरै डाउनलोड हुन सफल भएको कारण रोयल्टी पनि उनीहरूले नै धेरै प्राप्त गरेका हुन्। गत जुलाईदेखि अक्टोबरसम्मको अवधिको प्रस्तोताको रोयल्टी एनसेलले दिएपछि अन्जु र प्रमोद लगायत २७ जनाले रोयल्टी बुझ्न सफल भएका छन् ।

प्रस्तोता समाज नेपालले राजधानीमा एक कार्यक्रमको आयोजना गरि प्रस्तोताहरूलाई रोयल्टी बितरण गर्दै अग्रज कलाकारहरूलाई जनही १०००५ राशिसहित सम्मानपत्रद्वारा सम्मानित गरिएको थियो। जसमा अग्रज स्रष्टा गायक प्रेमध्वज प्रधान, भजन शिरोमणि भक्तराज आचार्य, गायक दीप श्रेष्ठ, ठाडो भाखाका गायक भेडीखर्के साइँला, सितारबादक सुशीला अमात्य, गायिका तीर्थ कुमारी थापा, गायक नन्दकृष्ण जोशी, गायक पूर्ण नेपाली, गायक रामा मण्डल र विद्या मुकारूङलाई १०००५ नगद राशिसहित सम्मान गरिएको थियो। सोही अवसरमा रोयल्टीका समाचार सम्प्रेषण गरेर सहयोग पुऱ्याउँदै आएकी पत्रकार राधिका अधिकारीलाई पनि सम्मान गरिएको थियो भने एनसेल र रेडियो अडियोलाई पनि रोयल्टी संकलनमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान प्रदान गरिएको थियो ।

आफ्नो सिर्जनाबाट रोयल्टी बुझ्ने गायक गायिकाहरूमा भद्र वली, विन्दु परियार, विष्णु माझी, दिपक लिम्बू, देवी घर्ती, हेमन्त राना, हेमन्त शिशिर, जुना श्रीष, कालिका रोका, खुमन अधिकारी, कृष्ण अखेली, कृष्णा परियार, मेक्सम खाती, मोहन खड्का, मुना थापा, प्रविन थापा, पूर्णकला विसी, रजिना रिमाल, रामजी खाँड, ऋषि खड्का, ऋतु रानाभाट, सब्बुश्री तिवारी, सन्तोष केसी, स्वरूपराज आचार्य, टिका पुन रहेका छन् ।

पछिल्लो समय रोयल्टी संकलनको कार्य तिब्र गतिमा भइरहेको छ । यातायात, रेडियो टेलिभिजन, मेला, महोत्सव, कन्सर्टलगायत गीतसंगीतको सार्वजनिक प्रयोग गरेवापत अनिवार्य रोयल्टी बुझाउनु पर्ने प्रावधान बनेपछि रोयल्टी संकलन कार्यमा सहजता हुँदै गएको छ । कानुनी दायारामा आएका संघसंस्थाहरूले गीतसंगीतको प्रयोगवापत रोयल्टी बुझाउनु पर्ने प्रावधान बनेपछि यसको कार्यान्वयनमा रोयल्टी संकलन समाज, प्रस्तोता समाज नेपाल, संगीत उत्पादक संघ (सीएमओ) अगाडि बढेको छ । पछिल्लो समय एनसेल र रेडियो अडियोले रोयल्टी दिने कार्यलाई अगाडि बढाएको छ भने अन्य संघसंस्थाहरू पनि कानुनी दायारामा आइसकेका छन् ।

प्रस्तोता समाजले यसरी रोयल्टी बितरण गरिरहँदा केही चर्चामा रहेका कलाकार भने रोयल्टी बुझ्न आइपुगेका थिएनन्। कार्यक्रममा बोल्दै समाजका अध्यक्ष हेमन्त शर्माले रोयल्टी लिन नआए पनि प्रस्तोता समाजले के गरिरहेको छ भन्ने बुझ्न एकचोटी कार्यालयसम्म कलाकारलाई आउन अनुरोध गरेका थिए । उनले प्रस्तोताकै लागि लडिरहँदा कति प्रस्तोतालाई आफ्नो समाजको बारेमा त थाहा छैन भने रोयल्टीका बारेमा कसरी बुझ्ने ? यो अवस्था नआउनका लागि कार्यालयमा बेला बेलामा आएर गतिविधि बुझिदिन आफ्ना सदस्यहरूलाई आग्रह गरेका थिए ।







# बुबा आमाविना म पूर्ण हुन्न: खनाल




**म्यूजिकखबर** । गीतकार पुष्पा खनालले ८ दशक पार गरिसकेका आफ्ना बाबुआमाको हातबाट एल्बम सार्वजनिक गर्दै बुबा आमाबिना म पूर्ण हुन सक्दिनँ भनिन् । म्यूजिक संचार प्रालिको आयोजना एवं संगीत कला पत्रकार संघको संयोजनमा भएको गीतकार खनालको आधुनिक गीतिसंग्रह 'अभिनव' सार्वजनिक कार्यक्रममा बोल्दै जिन्दगीको आरोह अवरोहमा आफ्ना बुबाको जन्मदिन नै बिर्सिएको रहेछु आज छोरा अभिनवले सम्झाइदिएपछि बल्ल थाहा भयो। दीर्घरोगबाट थलिएकी आफ्नी आमा र बुबाको उपस्थितिमा एल्बम सार्वजनिक गर्न पाउँदा निकै खुशी छु, खनालले भक्कानिँदै भनिन् आमा र बुबाको काखमा यसरी नै सधैं सिर्जना गर्न पाउँ भन्ने लागिरहेको छ ।

प्रमुख अतिथि संगीत रोयल्टी संकलन समाजका अध्यक्ष संगीतकार सुरेश अधिकारी, विशिष्ट अतिथि संगीतकार समाज नेपालका अध्यक्ष लक्ष्मण शेष, सभापति संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीसहित गीतकार पुष्पा खनालका बुबा आमाको हातबाट उक्त एल्बम सार्वजनिक गरिएको हो । संगीत कला पत्रकार संघको कार्यसमितिलाई नेपाली कागजबाट निर्मित डायरी मायाको चिनो स्वरूप हस्तान्तरण गर्दै सुरूवात गरिएको उक्त कार्यक्रममा संगीतकार संघ नेपालको कल्याणकारी कोषमा रू. ५ हजार हस्तान्तरण गरिएको थियो। संघका महासचिव संगीतकार महेश खड्कालाई चेक हस्तान्तरण गर्दै गीतकार पुष्पाले दुःख र सुखको समिश्रणभित्र अभिनव एल्बमको गीतहरू तयार पारेको बताएकी थिइन् ।

कार्यक्रममा विशिष्ट अतिथि संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष, प्रमुख अतिथि सुरेश अधिकारी, सांगीतिक संघका महासचिव सन्तोष श्रेष्ठ, संगीत कला पत्रकार संघका अध्यक्ष समुन बैरागी लगायतले गीतकार पुष खनालका गीतमाथि बोल्दै गीतसंगीतमा लगानी गर्ने दिन आएको बताएका थिए ।

कार्यक्रममा संचारकर्मी सरोज कोइरालाले एल्बमभित्रको यो आँखाको पानी कुन छाताले छेकुँ बोलको गीत गाएर सबैलाई मन्त्रमुग्ध बनाएका थिए । कोइरालाकै संगीत र स्वर रहेको उक्त गीतको तारिफ सबैतिरबाट भएको थियो । त्यस्तै नरेन्द्र प्यासीको स्वरमा रहेको त्यसैले म आइनँ बोलको गीतको म्यूजिक भिडियोसमेत सार्वजनिक गरिएको थियो। एल्बमभित्र त्यसैले म आइनँ, यो आँखाको पानी, तर्की तर्की नहिँड, थोपा थोपा रङ्ग, बोली मिठो मायालुको जस्ता गीतहरू समावेश गरिएको छ। जसमा अन्जु पन्त, सरोज कोइराला, स्वरूपराज आचार्य, नरेन्द्र प्यासी, रोशनी अधिकारी, गोविन्द मधुर आचार्य, विपना धितालको स्वर रहेको छ भने गोविन्द मधुर आचार्य, सरोज कोइराला, यादव योगीको संगीत रहेको छ। एल्बमलाई सरगम संचार प्रालिले बजार प्रबर्द्धन गरेको छ ।

# ममता र गणेशलाई टिका गोपाल संगीत छात्रबृत्ति


गायक सिंहका पिता गोपाल सिंह परियार र माता टिका माई परियार

**म्यूजिकखबर** । गायक कन्हैया सिंह र गायिका अन्जना गुरूङको कम्पनी 'टिका गोपाल डिजिटल एम कृएसन प्रा. लि.' ले, गायक कन्हैया सिंहका स्वर्गिय माता पिता टिका माई परियार र गोपाल सिंह परियारको स्मृतिमा "टिका गोपाल संगीत छात्रबृत्ति कोष" को स्थापना गरेको गरी ममता थापा र गणेश श्रेष्ठलाई उपलब्ध गराएको छ। ममता र गणेशलाई उक्त कोषको संयोजकमा कन्हैया सिंहकी बहिनी र कम्पनिकी बजार ब्यवस्थापक गीता परियार र प्रमुख छनौट समितिका दुइ निर्णायक संगीतकार सन्तोष श्रेस्ठ र गीतकार एवम् पत्रकार सुमन बैरागीको निर्णयले छात्रवृत्ति उपलब्ध गराएको हो ।



गायनमा सम्भावना भएका संगीत क्षेत्रमा केहि गर्न सक्ने तर आर्थिक अभावका कारण खुम्चिनु परेका युवा युवतीलाई छात्रवृत्ति दिने उद्देश्य अनुसार एक बर्षको लागि दाङी ममता थापा र सर्लाहीका गणेश श्रेष्ठलाई यो वर्ष प्रदान गरिएको हो ।

छात्रवृत्ति पाएका ममता र गणेशले यसै सातादेखि साधना कला केन्द्रमा बारिष्ठ संगीत प्रशिक्षक प्रकाश गुरूङबाट गायन शिक्षा आरम्भ गर्दै छन् ।

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Bi-weekly Magazine पाक्षिक

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन बैरागी

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ

कार्यालयः
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०५४५,
musickhabar.com@gmail.com
मुद्रणः
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

## सम्पादकीय

### संगीतकर्मीका खुशीका दिन

संगीत उद्योग उद्योग बन्न नसकेको अवस्था छ । चलचित्र क्षेत्रलाई उद्योगको रूपमा हेरिएको छ भने उत्तिकै लगानी भइरहेको संगीत उद्योगले उद्योगको मान्यता पाउने अवस्था भने सिर्जना हुनै सकेको छैन । लगानीका हिसाबले हेर्ने हो भने संगीत उद्योगमा ठूलै लगानी हुने गरेको छ । एउटा एल्बमलाई भिडियोसहित बजारमा ल्याउनका लागि प्रत्येक गीत बराबर ३ लाख न्यूनतम रकम खर्च हुन्छ । संगीत उद्योगमै विभिन्न विधामा हजारौं संगीतकर्मी बाँचिरहेका छन् । वाद्यवादन, गायन, संगीतकार, गीतकार, एरेन्जर, स्टुडियो, रेकर्डिष्ट, मिक्सिङ लगायतका विविध पाटोहरूमा क्रियाशील संगीतकर्मीहरू व्यस्त भइरहेकै अवस्था पनि छ । तर लगानी गर्नेले त्यसको प्रतिफल भने पाउन सकेका छैनन् ।

'संगीतमा लगानी बालुवामा पानी' भन्ने उखान यो क्षेत्रमा चर्चित बनेकै हो । पछिल्लो समय गीतसंगीतको उद्योगलाई रेमिट्यान्सले धानेको भनिन्छ । मुलुक नै रेमिट्यान्सले धानेको बेला संगीत क्षेत्र पनि ठूलो कुरा भएन तर आधारभूत आवश्यकता पूर्ति गर्नकै लागि विदेशिएका मनहरूका भावना गीतका माध्यमले सिर्जित भएर रेमिट्यान्स भित्रिएको भने पक्कै हो । उनीहरू आफ्नो परिश्रमबाट बचेको समय र रूपैयाँलाई गीतसंगीतका माध्यमले खर्च गरिरहेका छन् । मुलुकभित्र रहेका धेरै संगीतकर्मी त्यही रेमिट्यान्समा आश्रित बनिरहेका छन् । गीतसंगीतको यात्रा निरन्तर जारी रहेको छ । सबैलाई व्यस्त बनाइरहेको छ । त्यही रेमिट्यान्सबाटै म्यूजिक भिडियोहरू बन्ने, मोडल बन्न रहर भएकाहरूले लगानी गर्ने परिपाटी पनि लहरै बनेको छ । यसरी दामोदर प्रवृत्ति र रेमिट्यान्सबाट बचिरहेको उद्योगलाई अब भने केही राहत मिल्ने अवस्था सिर्जना भएको छ ।

गीतसंगीतमा लगानी गर्नेहरूका लागि अब रोयल्टीका गतिविधिले केही भए पनि राहत मिल्ला भन्ने अवस्था सिर्जना भएको छ । बौद्धिक सम्पत्तिको हकमा रोयल्टीलाई संकलन गर्ने र बितरण गर्ने काम चुस्त र दुरूस्त रूपमा हुँदै जाने हो भने गीतकार, संगीतकार, प्रस्तोता र प्रोड्युसर मुलुकका राम्रा गाडी चढ्ने र महलमा बस्ने हैसियत राख्ने बन्न सक्छन् । पछिल्लो समय रोयल्टीका विषयमा सरकारी तबरबाट नै सुरूवात गरिदिएपछि केही आशा पलाएको भने पक्कै हो । कुनै पनि गीतसंगीतका प्रयोगकर्ता सार्वजनिक यातायात, दोहोरी साँझ, डिस्को, महोत्सव, कन्सर्ट, रेडियो, टेलिभिजनले व्यापारिक रूपमा प्रयोग गर्दै आएको गीतसंगीतको रोयल्टी अनिवार्य रूपमा तिर्नुपर्ने प्रावधान बनिसकेको छ । अब यसको कार्यान्वयनमा पनि सरकारी समन्वयबाटै अगाडि बढेको अवस्था छ । प्रतिलिपि अधिकार हनन् गर्नेहरू अब कानूनी दायरामा आउँदैछन् र स्रष्टाको बौद्धिक सम्पत्तिको दुरूपयोग गर्नेहरूलाई सजायँको भागिदार बनाउँदैछ । यो खुशीको कुरा संगीतकर्मीमा सिर्जना भएको अवस्था छ । तर यसको कार्यान्वयनमा भने केही कठिनाइ आउनु स्वभाविक नै हो । संगीतकर्मीले आफ्नो सिर्जनाको नैतिक र बौद्धिक अधिकार पाएपछि केही राहत भने पक्कै मिल्ने देखिन्छ । यसका लागि सम्पूर्ण संगीतकर्मीहरू एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन ।

## कल्याणकारी कोषमा ४ लाख १६ हजार ७५५

म्यूजिकखबर/काठमाडौं

संगीतकार संघ नेपालले स्थापना गरेको संगीतकर्मी कल्याणकारी कोषको पुष महिनासम्मको बिवरण सार्वजनिक गरेको छ । हरेक महिनाको १ गते कोषको बिवरण सार्बजनिक गर्ने निर्णय अनुसार संघले दोश्रो बिवरण सार्वजनिक गरेको संघका अध्यक्ष लक्ष्मण शेषले जानकारी दिएका छन् ।

नेपाली संगीतकर्मीहरूका लागि मर्दा पर्दा सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको कल्याणकारी कोषमा देश विदेशबाट सहयोग रकमहरू जम्मा हुने क्रम जारी रहेको संघका प्रेस सल्लाहकार लोकराज अधिकारीले जानकारी दिए । बिवरण सार्वजनिक गर्ने अघिल्लो दिन हेटौडा बसामडी घर भै हाल अमेरिका बस्ने गीतकार नारायण गौतमले २० हजार १५० सहयोग गरेका थिए । उनले पठाएको रकम एक कार्यक्रमका बीच संगीतकार संघ नेपालका कोषाध्यक्ष हरि लम्साललाई हस्तान्तरण गरिएको थियो । गीतकार गौतमले यस प्रकारको स्रष्टाको हित हुने अभियानमा आफनो सधै साथ र समर्थन




हुने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

कल्याणकारी कोषमा सहयोग आउने क्रमसँगै पीडित संगीतकर्मीका लागि पनि खर्च भैरहेको छ । प्रसिद्ध गायक तथा संगीतकार मधुबाबु थापाको निधनका बेला श्रद्धाञ्जली कार्यक्रम, एम्बुलेन्स खर्च र बिद्युतीय शबदाह गृहको खर्च २२ हजार ५ सय कोषबाट ब्यहोरिएको थियो । त्यसैगरी क्यान्सर पीडित संगीतकार निरज कुमारलाई २० हजार, प्रसिद्ध लोकगायक बुद्धिकृष्ण लामिछानेलाई उपचारका लागि नगद १५ हजार १ सय ११ र एक बर्षको औषधी खर्च झण्डै १ लाख २० हजार सहयोग जुटाउने प्रतिबद्धता ब्यक्त गरेको छ । त्यसैगरी मिर्गौला पीडित संगीत व्यवसायी शिव पौडेललाई दश हजार एक रूपैयाँ सहयोग हस्तान्तरण भैसकेको संघले जनाएको छ ।

## गाउँमा कलाकार



म्यूजिकखबर/सिन्धुली

ग्रामीण क्षेत्रमा कला जागरण तथा आन्तरिक पर्यटन प्रवर्द्धनको उद्देश्यसहित छ दिने (पुस २४ देखि २९ गते) दुम्जा कला यात्रा २०७३ सम्पन्न भएको छ ।

कलाकार सुरेम देशारको संयोजकत्वमा पाँच जना कलाकारहरू कलायात्रा सहभागी थिए । कठिन भौगोलिक अवस्थाबीच पनि सफलतापूर्वक कलायात्रा सम्पन्न भएको संयोजक देशारले जानकारी दिए । धरणीधर स्मृति पुस्तकालयद्वारा आयोजित यो कला यात्रामा सुरेम देशार, अनिल महर्जन, जयराम महर्जन, सुरेन्द्रराज अधिकारी र राजेन्द्र देशार सहभागी थिए । मूर्तिकार राजेन्द्र देशारले सरस्वतीको मूर्ति निर्माण गरेका थिए भने अन्य कलाकारले कुशेश्वर दुम्जाको विभिन्न भागमा पुगी प्राकृतिक सौन्दर्य, भूकम्पपछिको जनजीवन, दैनिकी, अवस्था, जनजीवनलगायत विषयमा १६ वटा चित्रकला तयार पारेका थिए ।

कुशेश्वर दुम्जा–५ बालुवाटारस्थित देवीस्थानबाट सुरू भएको कलायात्रा रूपटार, ध्याम्पाटार, बसेरी, ओखेनी, दोभानडाँडा, काप्लेचौर, ओध्रेकोट, हायूगाउँ, ज्यामिरे, सिमलचौर, दारिमबोट, उपल्लाथोक, माझथोक, पानीपोखरी, आँपघारीमा पुगेर सम्पन्न भएको थियो ।

कलायात्राका क्रममा कलाकारहरूले देवीस्थान माध्यमिक विद्यालय, जनजागृत प्रावि, पञ्चकन्या निमावि, कुशेश्वर विद्यापीठ माविमा पुगेर विद्यार्थीसँग कलाबारे अन्तरक्रिया गरिएको थियो । त्यस्तै, गाउँगाउँमा चित्रकलाको प्रदर्शनगरी कलाकारहरूले गाउँलेसँग कलाबारे छलफल गर्नुभएको थियो । सो चित्रकला माघ २४ गते जागरणकवि धरणीधर कोइराला जयन्तीका दिन दुम्जामा नै प्रदर्शन गरिने धरणीधर स्मृति पुस्तकालयले जनाएको छ ।

## गीतकार संगीतकर्मीको माता हुन्ः मोक्तान

नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानले गीतकारहरू भनेका संगीतकर्मीका जन्मदिने माता भएको बताए । सांगीततिक संघको आयोजनामा गीतकार संघ नेपालको नयाँ कार्यसमितिलाई शुभकामना तथा बधाई कार्यक्रममा बोल्दै मोक्तानले संगीतकर्मीहरूको एक मात्र पुरानो छाता संगठन भएकाले सबै क्षेत्रका संगीतकर्मीहरू एकै ठाउँमा हुनुपर्ने बताएका थिए ।

कार्यक्रमको विशिष्ट अतिथि संस्कृतिविद एवं संगीतकार बुलु मुकारूङ, कवि तथा गीतकार ज्ञानेन्द्र गदाल तथा अतिथि संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागी, गीतकार संघ नेपालका अध्यक्ष लगायतको आतिथ्यता सम्पन्न भएको उक्त कार्यक्रममा गीतकार संघका नयाँ कार्यसमितिलाई बधाई तथा शुभकामना प्रदान गरिएको थियो ।

कार्यक्रममा संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीले गीतकार संघका पदाधिकारीलाई बधाई दिँदै गीतकारहरूको बौद्धिक सम्पत्ति



संरक्षण गर्दै आफ्ना सिर्जनाका माध्यमले महत्वपूर्ण भूमिका खेल्न संघ अगाडि बढ्नेछ भन्ने विश्वास सहित शुभकामना दिएका थिए ।

त्यस्तै संस्कृतिविद बुलु मुकारूङले सांगीतिक संघ पुरानो संस्था भएकोले गीतकार संघ नजन्मिँदै जन्मिएको संस्थाले आज यसरी कार्यक्रम गर्दै बधाई तथा शुभकामना दिन पाउनु आफैंमा गर्व गर्नुपर्ने बताएका थिए । त्यस्तै गीतकार तथा कवि ज्ञानेन्द्र गदालले गीतकारहरूको छाता संगठन अब विदेशमा पनि समन्वय समिति गठन गर्दै विस्तार गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

त्यसैगरी गीतकार संघ नेपालका अध्यक्ष चुडामणि देवकोटाले सबैका धारणालाई अबलम्वन गर्दै संघले आफ्नो गतिविधि संचालन गर्ने बताएका थिए । देवकोटाले गीतकार संघले गीतकारहरूको हक र अधिकारका लागि मात्र नभएर सम्पूर्ण संगीतकर्मीहरूको साझा फोरमका रूपमा समेत काम गर्न तयार रहेको बताएका थिए । कार्यक्रम संघका महासचिव सन्तोष श्रेष्ठले संचालन गरेका थिए ।



म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Bi-weekly Magazine पाक्षिक

# रोयल्टीको रौनक

## रोयल्टीका असली हिस्सेदार को हुन् ?

'रोयल्टी' कसले कसरी बुझ्ने भन्नेबारे संगीतकर्मीहरूको प्रष्ट धारणा अझै आउन सकेको छैन । संगीत रोयल्टी संकलन समाज अन्तर्गत संगीत उत्पादक संघ र प्रस्तोता समाज नेपाल सहितको तीनवटा संस्थाको सिएमओ (कलेक्टीभ म्यानेजमेन्ट अर्गानाइजेशन)ले सष्टाको रोयल्टी कलेक्सन गर्दै बितरणको कार्यलाई पनि जारी राखेका छन् । केही वर्ष पहिला रोयल्टीको आन्दोलनले एउटा ठूलै उथपुथल ल्याउन सफल भयो तर म्यूजिक नेपाल हावी हुँदा ३० हजार रूपैयाँ तिरेपछि कुनै पनि गीतसंगीतको सार्वजनिक गर्ने पसलेहरूले कपीराइट प्रस्तोता समाज र संगीत उत्पादक समाज सहकार्य गर्दै आएका छन् ।

स्रष्टाले रोयल्टी पाउने वातावरण बल्ल सिर्जना हुँदै गएको छ । सरकारीय निकायबाट नै रोयल्टी तिनुपर्छ भन्ने प्रावधान बन्दै गएको अवस्था छ । जसअनुसार अब सवारी साधन, दोहोरी साँझ, डिपार्टमेन्टल स्टोर, रेडियो, टेलिभिजन व्यापारिक प्रयोजनका लागि संगीतको प्रयोग गर्ने मेला महोत्सव सहित लगायतका झण्डै ४० क्षेत्रले पनि रोयल्टी नतिरी आफ्नो कार्य गर्न नपाउने प्रावधान अगाडि बढिसकेको छ । जसअनुसार अब रोयल्टी तिरेको रसिद प्रष्ट पार्नुपर्ने आवश्यकता जटिल बन्दै गइरहेको देखिन्छ ।

पछिल्लो समयमा एनसेल नेपालले स्रष्टाहरूको रोयल्टी तिर्ने काममा अग्रसरता देखाएको पाइन्छ । जस अनुसार गत जुलाईदेखि अक्टोबरसम्मको रोयल्टी तिरेको एनसेल नेपालले गीतकार संगीतकारको रोयल्टी, प्रस्तोताको रोयल्टी र संगीत उत्पादकको रोयल्टी भनेर फरक फरक रूपमा दिएको छ । यसरी सिएमओले फरक फरक रोयल्टी लिँदाको अवस्थामा बजारमा केही व्यवसायी र स्रष्टाहरूले रोयल्टी कसले पाउने हो भन्नेमा प्रश्न गरिरहेको अवस्था




पाउने कामसमेत गरियो । फलतः उक्त ३० हजारे गतिविधि पनि अन्त्य हुन पुग्यो र रोयल्टीका नाममा आरबिटीलाई मात्र बुझ्ने संगीतकर्मीहरूको भीड बढ्न थाल्यो । वास्तवमा रोयल्टी भनेको के हो भनेर अझै धेरै संगीतकर्मीले बुझेको अवस्था छैन । हाम्रो संगीतकर्मीमा दीर्घकालिन सोच भन्दा दरिद्री सोच हावी हुँदै गएपछि रोयल्टीले गति लिन नसकेकै हो । फलस्वरूप केहीसमय पहिलाबाट गीतसंगीतको सार्वजनिक प्रयोग गरेवापत रोयल्टी पाउनुपर्छ वा तिर्नुपर्छ भन्ने आन्दोलनमा संगीत रोयल्टी संकलन समाजको अग्रसरतामा नबुझाएसम्म कुनै पनि कम्पनी, यातायात, दोहोरी साँझ, रेस्टुरेन्ट नविकरण नहुने प्रावधान आइरहेको अवस्था छ । त्यस्तै रिङ ब्याक टोनको प्रयोगवापत नेपाल टेलिकम र एनसेलले पनि रोयल्टी तिर्दै आएको अवस्थामा अब आरबिटीको व्यापार पनि बन्द भइसकेको छ । आरबिटीका लागि प्रोभाइडरका रूपमा रहेका केही संगीतका व्यवसायीहरूले अझै पनि डाटा उपलब्ध नगराउँदा रोयल्टी कलेक्सन र बितरणको कार्यमा अवरोध पनि सिर्जना भइरहेकै अवस्था छ । यस कार्यका लागि सम्पूर्ण संगीतकर्मीहरूभित्र रोयल्टी के हो र कसरी कलेक्सन गर्ने भन्ने कुरामा छ । उनीहरूले बुझेनन् वा बुझाइएन वा बुझेर बुझ पचाएका छन् त्यो आफ्नो ठाउँमा छ । केही संगीतकर्मीहरू रोयल्टी गीतकार र संगीतकारले मात्र पाउनुपर्छ भनिरहेका छन् भने कसैले प्रस्तोता र प्रोड्युसर पनि उत्तिकै हकदार हुन् भन्ने कुरा उठाइरहेका छन् । कसैले प्रस्तोताले पहिले नै पैसा लिएर गीत गाइसकेपछि पुनः रोयल्टी पाउनु हाँस्यास्पद समेत भन्दै आएको छ भनिरहेका छन् । अब यहाँनेर रोयल्टी के हो र यसका असली हिस्सेदार को हुन् भन्ने विषयमा कुन संगीतकर्मीले के भने भन्नेकुरा प्रस्तुत गरेका छौं :



### हेमन्त शर्मा, अध्यक्ष प्रस्तोता समाज नेपाल

कुनै स्रष्टाको सिर्जना सार्वजनिक प्रयोग गरेवापत तिनुपर्ने रकम नै रोयल्टी हो । अब प्रस्तोताको हकमा मलाई दिएको जिम्मेवारी मैले पूरा गरेको हुँ । प्रतिलिपि अधिकार अनुसार कसैको सिर्जनाको हकदार स्रष्टा हुन्छन् । प्रस्तुतिकरणको हिसाबमा प्रस्तोता हुन्छन् भने उत्पादकको हकमा उत्पादकहरू नै यसको हिस्सेदार छन् । रोयल्टीको सिएमओभित्र हामीले पाएको अधिकार प्रयोग गरेका हौं । यदि कुनै एग्रीमेन्ट लिएर मेरो अधिकारको हिस्सा अरूले लग्यो भन्ने आउँछन् भने हामी त्यसको अधिकार कहाँ र कति छ भन्ने कुरा प्रष्ट बनाउनेछौं । यहाँ एकदुई जना बौद्धिक सम्पत्तिको अपराध गर्नेहरूले ठूला कुरा गरेका मात्र हुन्, उनीहरू नै अर्काको सिर्जनामा आफ्नो लोगो राखेर लुटि खाइरहेका छन् । हाल पिआरबिटीमा कलाकारका नैतिक अधिकार छलेर आफ्नो नाम लुट्ने कम्पनी भनौदालाई केही गुनासो भए हात्ति लम्किरहन्छ कुकुर जति भुके पनि भन्ने जानकारी होस् । नैतिक ठगीको उपचार छिट्टै गरिहाल्नु पर्ने अवस्था आएको छ ।



### रमेश बिजी, उपाध्यक्ष, संगीत रोयल्टी संकलन समाज

कसैको बौद्धिक सृजनाको सार्वजनिक प्रयोग गरे बापत श्रष्टालाई कानुनत तिरिने आर्थिक रकम नै रोयल्टी हो । सृजनाको असली श्रष्टानै रोयल्टीको हकदार हो । प्रस्तोताको विषयमा रोयल्टी पाएपछि धेरै कुराहरू बजारमा आएका छन् । उनीहरू पनि रोयल्टीको सिएमओभित्र रहेका कारण रोयल्टीको हकदार हुन् । तर श्रृजनात्मक हक रहन्छ कि रहन्न भन्ने सोच्न पर्ने नै छ । प्रस्तोताको पनि रोयल्टीको मापदण्ड छ भने उत्पादक र बितरकले नाफा खाने हो रोयल्टी लिने हैन ।



### सन्तोष श्रेष्ठ, महासचिव नेपाल सांगीतिक संघ

गीतसंगीतको सार्वजनिक प्रयोग गरेवापत तिर्नुपर्ने कर हो रोयल्टी । चिया खाएपछि पैसा तिरेजस्तै गीत सुनेर व्यापार गरेपछि पनि रोयल्टी बुझाउनु पर्छ । पछिल्लो समय प्रस्तोताले पाएको रोयल्टीको कुरा सिएमओको अन्तर्राष्ट्रिय नियमअनुसार हुनुपर्छ । नेपालमा अहिले संक्रमणकालिन अवस्थामा व्यवस्थापन गर्न बाँडिचुडी खाने काम गरिएको हो । वास्तविक रूपमा क्रियटरले मात्र रोयल्टी पाउने प्रावधान छ । मेला महोत्सवमा गीत गाउँदा बुझाउनुपर्ने रोयल्टी प्रस्तोताले कसरी व्यवस्थापन गरेका छन् भन्ने पनि सबैका अगाडि बुझाउनु जरूरी छ । गीतकार र सङ्गीतकारलाई अग्रिम रोयल्टी नबुझाएर मञ्चमा गाउने मेरो नैतिकता होइन र स्रष्टाको बौद्धिक सम्पत्तिलाई मेरो मात्रै होइन जस्तो गर्ने मानवीय चेतना मसँग हुनुपर्छ भन्ने कहिले बुझ्ने ? बुझेर पनि नबुझेको जस्तो कतिदिन गर्ने ? यो प्रश्न महत्वपूर्ण छ। बौद्धिक ब्यात्तित्वहरूको बौद्धिकता चाँडै व्यबहारमा देखिन आवश्यक छ ।



### शिव परियार, गायक

सिर्जना सार्वजनिक प्रयोग गरेवापत तिनुपर्ने रकम नै रोयल्टी हो । यसका असली हिस्सेदार स्रष्टा नै हुन् । पछिल्लो समय अन्जु र प्रमोदका गीतहरू हेटौंडाभन्दा पश्चिममा धेरै डाउनलोड हुने गरेका छन् । किनकी लोकसंगीतलाई आधार मानेर आएका संगीतकारहरूकै गीत उहाँहरूले बढि गाउनुभएकोले बढी डाउनलोड भएको जस्तो लाग्छ । प्रस्तोताले रोयल्टी पाउने रोयल्टी पाउँदा म धेरै खुशी छु । हिजो क्रियटरले मात्र पाउने भन्ने विषय नेपालमा चल्दा प्रस्तोताले पनि पाउनुपर्छ भनेर गायन समाज खोलियो र आज प्रस्तोता समाज भएको हो । प्रस्तोतालाई नैतिक अधिकार दिन्न भनेर क्रियटरले एग्रीमेन्ट गर्छ भने त्यो रोयल्टी क्रियटरको मात्र हुनेछ यसमा द्विविधा छैन ।



### सुवास रेग्मी, संचालक, विन्ध्यवासिनी म्यूजिक

रोयल्टीका बारेमा जनस्तरमा राम्रोसँग बुझाउन नसकेको अवस्था छ । आरबिटीबाट ल्याएको रोयल्टी प्रोड्युसरको दानपात्र मात्र हो । प्रोड्युसरले लगानी गरेको गीतबाट रोयल्टी बुझ्दा त्यो गीत गाएवापत कति ठाउँबाट कति कमाए त्यसको हरहिसाब बुझाउन नसक्ने प्रस्तोताले रोयल्टी पाउनु हाँस्यास्पद हो । एनसेल र एनटिसीले प्रोड्यसरकै पैसालाई रोयल्टी भन्दै फिर्ता गरेका हुन्, उनीहरूले पनि छुट्टै रोयल्टी दिनुपर्छ । उदाहरयणका लागि प्रमोद खरेलकै प्रणय एल्बम मैले ८ लाख लगानी गरेको छु, उनले त्यो गीतबाट कति उठाए त्यसको हरहिसाब मैले कहिले पाउँछु ? यसरी पूर्ण लगानी प्रोड्यसरले गर्ने रोयल्टीका नाममा रकम बुझ्न जाने प्रस्तोताले यो कुरा किन नबुझेको ?

प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL
(PSN)
अनामनगर, काठमाडौं,
फोनः ०१-४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

भरत सिटौलासँग पप गायकको कथा

# “हिट भएँ सुको आएन”


तस्विर: नवीन बाबु गुरुङ

५० को दशक नेपाली सांगीतिक क्षेत्रमा पप गायनको स्वर्णिम युगका रूपमा परिचित बनेको थियो । जतिबेला हरिश माथेमा, नविन के. भट्टराई, दिपेशकिशोर भट्टराई, निमा रूम्बाका गीतहरू हिट भइरहेका थिए सोही बेला उनीहरूको गीतको म फ्यान थिएँ । ५० सालदेखि ६० को अवधिमा पप गीतले बजार कब्जा गरेको अवस्था थियो । पपको एकछत्र भइरहेको बेला म पनि पप गीतहरूको राम्रो स्रोता बनेको थिएँ । पप गायनलाई शहरीया बनेर आरोप लाग्ने गर्थ्यो । सामाजिक रूपमा पप गाउनेलाई एसेप्ट गर्ने चलन थिएन । संकुचित थियो तर छोरा छोरी बिग्रिएर ड्रगतिर लाग्नुभन्दा पप गायनतिरै लागेको राम्रो भन्ने परिवार पनि थिए । शहरियाको छाप छोडेको पप गायनकै यात्रामा म पनि सुदूरपूर्वको झापाबाट प्रवेश गरेको थिएँ ।

जतिबेला पप गायन सर्वत्र भइरहेको थियो अहिले भने त्यस्तो छैन । सायद म भाग्यमानी गायक हुँ किनकी स्टारडमको स्वाद चाख्ने अन्तिम पुस्ता भएँ कि ! ६० सालतिर मैले पनि 'ओ बोलन' गीतबाट गायन यात्रा सुरू गरेको थियो । जुन एउटा गीत गर्दागर्दै एल्बम नै तयारी भएको थियो । तत्कालिन समय म घट्टेकुलो बस्थें, गीत बजारमा ल्याउनका लागि धेरै कम्पनी चाहरेको याद ताजै छ । म्यूजिक डटकम, स्याब, ताल, इन्द्रेणी, रञ्जना, धौलागिरी जस्ता धेरै कम्पनीमा धाइसकेको थिएँ । सबै कम्पनीबाट रिजेक्टेड भइसकेपछि मेरो विकल्पमा म्यूजिक नेपाल र एसएस हिसारिया कम्पनी मात्र बाँकी थिए । म्यूजिक नेपाल हाम्रो पहुँचमा थिएन जस्तो लाग्थ्यो अब हिसारियामा जाने अन्तिम सोचमा थिएँ । सोही समयमा स्टुडियोमा जाने आउने गर्दा बनेको साथी रामचन्द्र काफ्लेको लाठीचार्ज चलेको अवस्था थियो । एकदिन रामचन्द्रले रिवेल क्रियशनका गगन प्रधानसँग भेटाउँछु, नयाँ कम्पनी छ भन्यो । त्यतिबेला हामी कम्पनीको नामसँग म्यूजिक जोडेर आउनेले मात्र बजार व्यवस्थापन गर्छन् भन्ने लाग्थ्यो । त्यो क्रियशन भनेको के हो जस्तो लागिरहेको थियो । तर रिवेलले आफ्नो सुरूवातमा चकलेट सुपारी भन्ने दोहोरी बजारमा ल्याएको थियो । उक्त कम्पनीसँग लोक, आधुनिक सबै विधाको लिस्ट भए पनि पपको नभएका कारण रामचन्द्रले मलाई गगन दाइसँग भेट गरायो ।

मेरो एल्बमको निर्माता भने गीतकार रमेश अधिकारी हुनुहुन्थ्यो । उहाँले किस्ता किस्ता गरेर भए पनि गीत निकाल्न खर्च दिनुभएको थियो । गगन दाइसँग भेट्न जाँदा मैले आफैंले सुन्ने गरेको एउटा मास्टर सिडी पुरानो भइसकेको थियो त्यही लिएर गएको थिएँ । प्रत्येक कम्पनीमा दुई सयका दरले सिडी बनाउँदै छोड्दै गर्दा मन मरिसकेको थियो । तर गगन दाइले गीत सुनेपछि मलाई इन्स्पायर गर्नुभयो र भन्नुभयो कतिमा बेच्छौं एल्बम ? मैले लागेको खर्च ५०–५५ हो भनेँ । पहिलो कुरा त कम्पनीको कुनै पनि मालिकसँग त्यसरी भेटेर कुरा गर्ने मौका नै मिलेको थिएन भने दोस्रो गीत मात्रै बजारमा निकालेर एफएम, रेडियोमा बजिदिए मात्र हुन्थ्यो भन्ने भएको थियो । तर उहाँले एल्बम नै किनिदिने भएपछि उहाँजस्तो संगीतको पूजारी कोही पनि रहेनछ जस्तो लाग्यो ।

गीतकार रमेश अधिकारीसँग पनि गीत रेकर्डकै क्रममा भेट भएको थियो । उहाँले लगानी गरिदिनुभयो, केही त क्रेडिट नै थियो । जेम्स प्रधान र सुनिल बर्देवाले एरेन्ज गरेपछि गीत हिट हुन्छ भन्ने सुन्थें त्यसैले जेम्स दाइकै स्टुडियोमा काम गरेको थिएँ । रिवेलले एल्बम किनिदिएपछि माइतीघरमा ठूलो होर्डिङ बोर्ड राखेर विज्ञापन गर्दा खुशीले सीमा नै थिएन । म एउटा कम्पनी रिजेक्टेड गायक एक्कासी मेरो गीत एफएम रेडियोमा हिट हुन थाल्यो । इमेज, कान्तिपुर टिभीमा बज्न थाल्यो । मलाई रेडियोमा गीत मात्रै बजे पनि कलेजमा हिरो भइन्छ भन्ने रहर थियो तर घट्टेकुलोदेखि रिवेलसम्मको यात्रा गर्दा डिल्लिबजार पुतलीसडकको छेउछाउ अरूले म तिर हेर्दा पनि अलि अर्कै अनुभव हुन थालेको थियो । कसैले मलाई नै पछ्याइरहेको जस्तो लाग्थ्यो । मलाई समाजले नोटिस गरिरहेको छ, फ्यानका अगाडि पैदल हिंड्दा पनि कस्तो नै होला भनेको यस्तो रहेछ भन्ने सोच उनीहरूमा आउँछ र गीत सुन्दैनन् होला जस्तो लाग्थ्यो । रिवेलबाट गीत बजारमा आएपछि गीत हिट भयो सुको आएन । किनकी मैले एल्बम कम्पनीलाई बिक्री गरेको थिएँ, मात्र लगानी उठ्यो निर्मातालाई दिएँ आफ्नो गोजी खाली नै थियो । विदेशको कार्यक्रम त कल्पना बाहिरको कुरा थियो । किनकी मेरो गीत सुन्ने मान्छे पहिला त विदेश जानुपर्‍यो अनि मात्र उ विदेशमा स्थापित बनेपछि बोलाउन सफल हुन्थ्यो ।

जिन्दगीमा प्लान गरेको चिज कसैले पनि पाएको छैन । म गायक बन्छु भनेर आएको व्यक्ति होइन । मध्यम परिवार, बाबुआमा पाल्ने, घरखर्च राम्रोसँग चलाउने सोचभन्दा त्यो उमेरमा सोचिएकै थिएन । त्यतिबेला पढ्नकै लागि म काठमाडौं आएको थिएँ । म बीबीएस पढ्दै थिएँ । तर गायक भइसकेपछि हिट भएर मात्र पुग्दो रहेनछ । अहिले पहिलाको जस्तो स्ट्रगल छैन । ४ वटा एल्बम बजारमा ल्याएँ । तर पप गायनको यात्राले थकाइ मारेकोजस्तो लाग्यो र खर्च जुटाउने क्रममा टिभीको क्रेज देखेर हिमालय टिभीको स्थापनासँगै त्यता लागेँ । टिभीको जागिर भनेको धेरै तिक्डम लगाउनेका लागि मात्र रहेछ । सिधा हिसाबले गीतसंगीतका लागि मात्र गर्छुभन्दा त्यहाँ नहुने रहेछ । अहिले महोत्सवहरूका लागि पप गायक भनेका अप्सनका लागि हुन्छ भने ठेकेदारी र चाप्लुसी प्रवृत्ति हावी हुँदा स्थापित गायकहरू नै पछाडि परेका छन् ।

*– सुमन बैरागीसँगको कुराकानीमा आधारित*






सहिमा श्रेष्ठ, एउटा राम्रो प्रतिभा भएकी गायिका हुन् । हेरेको हेरेकै म हुन्छु होला बोलको गीतबाट आफूलाई सांगीतिक क्षेत्रमा पदार्पण गरेकी गायिका सहिमाले आफ्नो पहिलो एल्बम सहिमाबाट सफलताको खुड्किलो चढ्न थालेकी हुन् । उनले सहिमा एल्बम हुँदै मस्ती, श्रृंगार जस्ता एल्बम प्रकाशनमा ल्याइसकेकी छिन् भने चलचित्रका गीतहरूमा पनि उनको जादूमय स्वर सुन्न सकिन्छ । चलचित्र हवल्दार सुन्तलीको गीत तिम्रा डोलाडोला हातले, ढिकिच्याउँ ढिकिच्याउँले पनि उनको उचाइ थपिदिएको हो । गायनकै माध्यमबाट चर्चाको शिखरमा पुगेकी सहिमा पछिल्लो समय देश विदेशमा हुने कन्सर्टहरूमा व्यस्त बन्दै आएकी छन् । स्वरको मिठाससँगै दर्शक स्रोताहरूसँग प्रस्तुत हुने उनको शैलीले नै गायनको क्षेत्रमा व्यस्त बनाउँदै आएको हो ।

२०७३ पुष १५ देखि ३० सम्म
www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

**सहिमा श्रेष्ठ**
**गायिका**
तस्वीरः शिवलाल श्रेष्ठ
तस्विर स्टुडियो, बागबजार

## फिल्मी खबर

### बटरफ्लाई प्रियंका

द फ्रेम क्रियशन प्रालिको ब्यानरमा निर्माण हुन लागेको चलचित्र 'बटरफ्लाई' (कलर्स अफ लभ) को शीर्ष भूमिकामा प्रियंका कार्कीले अभिनय गर्ने भएकी छन् । केही समय पहिला



हिरोइनको खोजी गरिरहेको निर्माण युनिटले हिरोइनको रूपमा प्रियंका कार्कीलाई नै लिएको हो । अर्पण थापा, आर्यन अधिकारीलाई लिएर निर्माण गरिन लागेको चलचित्र बटरफ्लाईमा ओम प्रतीक गुरूङको लेखन तथा निर्देशन रहने भएको छ ।

रमेश प्रजापति कार्यकारी निर्माता रहने यस चलचित्रमा पुष्पाञ्जली अधिकारी (सखा) निर्माता र रामशरण राणा, भुपेन्द्र सुवेदी, सरोज शाह सहनिर्माता रहेका छन् । कन्ट्रि निर्माताका रूपमा ध्रुवराज रहेका छन् भने सुरेश बज्राचार्यको छायाँकन रहने भएको छ । कविराज गहतराजले चलचित्र बटरफ्लाईको कोरियोग्राफ गर्ने भएका छन् । विकास चौधरी, दिपक शर्माको संगीत रहेको चलचित्र बटरफ्लाईको गीत शान्तिप्रिय, ओम प्रतिक गुरूङ, प्रमोद ढुंगाना, सरोज लामिछानेको गीत रहेको छ । चलचित्रमा युवराज चौलागाईं, राजेशपायल राई, माण्डवी त्रिपाठी, विश्व नेपाली र कोशिष क्षेत्रको स्वर रहेको छ ।

### नेटवर्कको फस्टलुक




वर्ल्ड कभर मिडियाको ब्यानरमा निर्मित नेपाली कथानक चलचित्र "नेटवर्क" ले आफ्नो प्रदर्शन मिति तय गर्दै चलचित्रको फष्ट लुक पोष्टर तथा ट्रेलर सार्वजनिक गरेको छ । यहि माघ महिनाको पहिलो हप्ताको ७ गते बाट सामाजिक कथा बोकेको चलचित्र "नेटवर्क " प्रदर्शनमा आउने भएको छ । निर्देशक नरेन्द्र बहादुर धामीद्वारा निर्देशित यस चलचित्रमा लागु औषध बिरूद्ध युवा आफै जागरूक हुनु पर्छ र त्यसको लागि समाज र अभिभावकको महत्वपूर्ण भूमिका हुन आउँछ भन्ने संदेश सहित चेलीबेटी बेचबिखनको घटना समेत देखाउन खोजिएको छ । साथै चलचित्रमा बाल-मनोबिज्ञानसँग पनि आधारित रहेको बताए निर्देशक धामीले ।

सार्वजनिक पोष्टरमा फिल्मका लागि प्रमुख कलाकारहरू बिजय केसी , कृष्ण भट्टराई, निरू बुढा मगर र निशा तामाङ्ग लगायतका लाई फिचर गरिएको छ भने ट्रेलरमा फिल्मका लागि प्रमुख कलाकार सबै जसो लाई फिचर गरिएको छ ।

एकै छातामुनी
-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम
शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५



# "सशक्त भूमिकामा काम गर्न चाहन्छु"

'म जीवनमा कहिल्यै पनि सेकेण्ड लिड गर्न चाहन्न । सानो भूमिकामा भएपनि सशक्त भूमिकामा काम गर्न चाहन्छु, म संख्यात्मक भन्दा पनि गुणात्मक भूमिकामा काम गर्न चाहन्छु । अभिनय भनेको दर्शकको नोटिसमा पर्ने गरी गर्नुपर्छ ।'

राधिका अधिकारी/म्यूजिक खबर

करिब १९ वर्ष अघि रङ्गिन दुनियाँमा होमिदै गर्दा अभिनेत्री सरिता लामिछानेको मनमा कला क्षेत्र नै नशा जस्तै भएर बाँच्ने धरातल बन्ला भन्ने सोचेकी थिईनन् । भविष्यको बेग्लै सपनामा रमाउँदै गर्दा सरितालाई कहिल्यै हेक्का भएकै थिएन आफ्नै अघिल्तिर कला क्षेत्र एउटा सालिन कलाकारको पर्खाईमा बसिरहेको छ भनेर । न त उनको सपनामा नै थियो अभिनयको दुनियाँ । निर्देशक तुलसी घिमिरेले निर्माण गरेको टेलिसिरियल 'मुक्ति'मा बिना सपना नै गरेको अभिनयले उनलाई सदाका लागि कला क्षेत्रमा अम्बली बनायो ।

सानैबाट अनुशासित सरितालाई बच्चैबाट असल मान्छे बन्ने रहर थियो । हजुर बुवा हजुर आमाको संस्कारसँगै हुर्किएकी उनलाई देख्नेहरू सानैबाट कलाकार बन्छेस् भन्थे । तर, सरिताको सपना पर्दामा अभिनय छँदै थिएन । उनी प्राध्यपक बनेर लेक्चर दिने सपना देख्थिन । कालान्तरमा उनको सपनालाई गाउँलेको भविष्यवाणीले जित्यो । सबैले देखेका सबै सपना पूरा हुँदैनन् । सरिताको पनि प्राध्यापकको सपना तुहियो । अभिनय यात्रालाई सरिताले मिठो संयोग ठानेकी छन् जीवनको ।

उनको जीवनमा यो मिठो संयोग जुराई दिएका थिए निर्देशक तुलसी घिमिरेले । त्यो समय पर्दामा जमेका चलेका केही कलाकारलाई घिमिरेले टेलीचलचित्र 'मुक्ति'मा अभिनयका लागि अफर गरेका थिए । तर, यो टेलीश्रृंखलाको अभिनयको जिम्मा लामिछानेलाई पऱ्यो । यहि नै उनको अभिनय यात्राको पहिलो टर्निङ प्वाइन्ट हो । सपना भन्दा धेरै पर अभिनयमा सरिताको यात्रा प्रारम्भ हुनुमा उनका श्रीमान ऋषि लामिछानेको पनि ठूलो हात रह्यो । सरिताले डेब्यु गरेको यो सिरियल नेपाल टेलिभिजनमा लोकप्रिय बन्यो ।

बिना सपना नै कला यात्राको प्रारम्भ गरेकी सरिता पहिलो यात्राबाटै लोकप्रिय बनिन् । उनलाई उनको अभिनयले आम दर्शकको मन त्यसरी जित्ला भनेर सोचेकै थिइनन् । उनी नसोचेरै कलाकार भईन् र नसोचेरै लोकप्रिय पनि । टेलिसिरियल 'मुक्ति' मा उनले गरेको कामले फ्यान पनि राम्रै कमाइन् ।

टेलिसिरियल 'मुक्ति' कला यात्रापछि उनलाई चलचित्रमा पनि अभिनयका लागि अफर आउन थाले । तर, उनले लगातार १९ चलचित्रको अफर अस्विकार गरिन । संख्याकै लागि हरेक कुनै चलचित्रमा अभिनय गर्न उनी तयार थिईनन् । त्यसैले उनको जीवनमा बीसौं नम्बरमा आएको फिल्म 'सन्तानको माया'मा भने अभिनय गरिन । जसबाट पनि दर्शकको मनमा बस्न सफल भईन् । उनले त्यो दिन सम्झदै भनिन् 'म जीवनमा कहिल्यै पनि सेकेण्ड लिड गर्न चाहन्न । सानो भूमिकामा भएपनि सशक्त भूमिकामा काम गर्न चाहन्छु, म संख्यात्मक भन्दा पनि गुणात्मक भूमिकामा काम गर्न चाहन्छु । अभिनय भनेको दर्शकको नोटिसमा पर्ने गरी गर्नुपर्छ ।'

'मुक्ति', 'गहना', 'जानकी', 'दुई दिनको जिन्दगी', 'चाहना मनको', 'परिचय', 'भूमिका' जस्ता सिरियलमा काम गरेकी सरिता एक समय टेलिभिजनका सबै च्यानलमा छाइन् । ठूलो पर्दाका केहि चलचित्रमा अभिनय गरेकी सरिताले ठूलो पर्दाभन्दा सानो पर्दामा आफ्नो कला पोखिन । उनको परिचयनै सानो पर्दाले बनाएको भएर पनि उनलाई सानो पर्दा आफ्नो संसर जस्तो लाग्छ । त्यसैले पनि उनले धेरै फिल्मको अफर त्यागेर अहिले पनि टेलिफिल्म निर्माणकै लागि लागि परेकी छिन् । त्यसो त उनी निर्माणको क्रममा रहेको चलचित्र ' उजेली'मा पनि अभिनय गर्दै छिन् । सरिता ' उजेली' फिल्म सबै पक्षबाट सबल बनाउनका खातिर अहिले फिल्मका गीत रेकर्डिङ्देखि कलाकार छनौटसम्ममा पनि सहभागी छिन् । राष्ट्रिय गीतका म्यूजिक भिडियोमा अभिनय गरिरहेकी सरिता चलचित्र सम्बन्धि अन्य काममा पनि व्यस्त छिन् ।

सरिता नेपाल चलचित्र कलाकार संघको वर्तमान महासचिव हुन् । समाजसेवामा पनि रूची राख्ने उनले क्रिएटिभ सोसाइटी नेपाल नामक संस्था पनि खोलेकी छन्, जसमार्फत उनले महिला र बालबालिकाको हकहितका लागि काम गरिरहेकी छन् । सरिताले फान अवार्ड, इनास अवार्ड नेफ्टा अवार्ड र द्वारिका उदय प्रोडक्सनको अवार्डमा जुरीको भूमिका निर्वाह गरिसकेकी छन् ।

## हैरानको समयसँगै बजेट बढ्यो

म्यूजिक खबर

डान्स फेभरको व्यानरमा निर्माण हुँदै गरेको चलचित्र हैरानले ६१ दिन लगाएर छायांकन सकिएको छ । विश्वकै कान्छा निर्देशक सौगात बिष्टले निर्देशन गरेको दोश्रो चलचित्र 'हैरान'को छायांकनका लागि तयार पारिएको सेड्यूल भन्दा केही बढी समय लागेको निर्माण पक्षले जानकारी दिएको छ ।

४५ दिनमा छायांकन सक्ने योजना बनाएको तर निर्धारित समय भन्दा बढी समय लागेपछि बजेट पनि बढेको जनाइएको छ । श्रृष्टी घिमिरेको मुक्ति घले, वाइ.एल लामा र कार्यकारी निर्माता सम्झना पोखरेलको निर्माणमा तयार भएको यो चलचित्रमा गजित बिष्ट, निश्मा घिमिरे, सत्यराज आचार्य, पुष्कर रेग्मी, बुद्धि तमाङ, सागर लम्साल, सिसिर भण्डारी, सरोज खनाल, वसिम राजा, नव-अभिनेत्री आरोहि शर्मा, लगायतको मुख्य भूमिका रहेको छ । बाल कलाकार एन्जेल राई रहेको यस चलाचित्रको कथा भने गम्भिर बिष्टले लेखेका हुन् ।

चलचित्रको बिषयवस्तु नै अलि विशेष भएकाले छायाँकन मिति लम्बिएको चलचित्रका कलाकार गजित विष्टले बताएका छन् । चलचित्रलाई कमेडी, प्रेम र सस्पेन्स शैलीमा निर्माण गरिएको छ । पहिलो चलचित्र 'लभ यू बाबा' निर्देशन गरेर सौगातले विश्वकै कान्छा निर्देशकको रेकर्ड बनाएका थिए ।

यो चलचित्र भने कमर्सियल रूपमा तयार पारिएको र दर्शकले मन पराउने कलाकार गजित बिष्टले बताए ।





# प्रतिष्ठानले कहिल्यै शिव वि.क.को कदर गरेन



## शिव वि.क., निर्देशक

**चितवन जुटपानी ४ मा जन्मिएका निर्देशक शिव वि.क. गाउँको नृत्य, विहे, पूजा, स्कुलको कार्यक्रम लगायतका कार्यक्रमबाट सांस्कृतिक कार्यक्रममा नृत्य गर्दै काठमाडौं आइपुगेका हुन् । काठमाडौं ५१ सालमा प्रवेश गरेका निर्देशक वि.क. आफूलाई आँगनबाटै आएको कलाकार मान्छन् । नाचको शौखिन निर्देशक वि.क. काठमाडौं अध्ययनका लागि छिरेका थिए तर घरायसी कारणले अध्ययनमा जान नपाएपछि क्यासिनो, स्टेज कार्यक्रम हुँदै निर्देशनको यात्रातर्फ अगाडि बढेका हुन् । करिब ३५०० म्यूजिक भिडियोको निर्देशन गरिसकेका शिव वि.क.सँग म्यूजिक खबरका लागि प्रधान सम्पादक सुमन बैरागीले गरेको कुराकानी:**

*तपाईंको पहिलो भिडियो कुन हो ?*

पहिला त मैले धेरै म्यूजिक भिडियोमा कोरियोग्राफीको काम गरैँ । आधुनिकतर्फ मैले सिताराम पोखरेलको खोजी हेरिनौंबाट सुरू गरेको हुँ । त्यसपछि नलिना चित्रकारको मेहन्दी लगाउ, शर्मिला बर्देवाको काँसझैं केश, यशकुमारको माया भन्ने यस्तै हो जस्ता गीतहरूको कोरियोग्राफी गरेपछि निर्देशनमा पनि काम पाएँ । निर्देशनमा भने कृष्ण फिल्म्सबाट घुम्तीमा पिपलबोट त्यहीँमाथि चरिकोट बोलको दोहोरीमा निर्देशन गर्ने मौका मिल्यो ।

*तपाईलाई कसले पत्यायो ?*

निर्देशक राजेन्द्र शलभले कोरियोग्राफमा पत्याउनु भयो । सिताराम पोखरेलको खोजी हेरिनौं बोलको पहिलो भिडियोमा मैले काम गर्ने मौका पाएँ ।

*पहिलो भिडियो गर्दाको अनुभव ?*

हामी पनि सिकारू थियौं, मनभरि डर हन्थ्यो तर कोरियोग्राफ र नृत्य त आफूले गरिरहेको थिएँ । तर निर्देशनमा डराइ डराई काम गरैँ । ५ जना केटा ५ जना केटी लिड राखेर नचाएँ, सबैले मन पराए । यसरी कोरस डान्स गराउने सायद म्यूजिक भिडियोमा म नै पहिलो थिएँ ।

*कति पारिश्रमिक पाउनुहुन्थ्यो एउटा म्यूजिक भिडियोको निर्देशनबाट ?*

पहिला यो क्षेत्रमा आउनु नै रहर थियो । पारिश्रमिक यति नै भनेर पाइँदैनथ्यो १ सय जति पकेट खर्च चाहिँ मिल्थ्यो । पछि पछि निर्देशन गरेवापत १ हजार रूपैयाँ पारिश्रमिक पाउन थालियो । कति भिडियोमा त पकेट खर्च पनि नपाइकन खाना र खाजाको भरमा धेरै भिडियो गरैँ । केही पाउन केही गुमाउनु पर्छ भन्नेमै थिएँ, त्यसैले काम भने गर्न छाडिनँ । करिब ८ वर्ष कृष्ण फिल्म्समा रहेर काम निरन्तर गरैँ ।

*एउटा भिडियो निर्माण गर्न खर्च कति लाग्थ्यो नि ?*

त्यतिबेला ७ देखि ९ हजारमा दोहारीको भिडियो बन्थ्यो । त्यही रकमभित्र प्रोडक्सन हाउस, क्यामेरा लाइट म्यान, मेकअप म्यानले पाउँथे पैसा पाउँथे तर डान्सर र निर्देशकले पैसा पाउँदैनथे । त्यसपछि निर्देशकले पैसा नपाए पनि कोरसमा नृत्य गर्नेलाई पैसा दिनुपर्छ भनेर रू १०० का दरले डान्सरलाई पैसा दिनुपर्छ भन्ने सुरूवात मैले नै गरेको हुँ ।

*पुराना दिन सम्झिँदा अहिले कस्तो लाग्छ ?*

समय अनुसार परिवर्तन हो । त्यतिखेरको १०० र अहिलेको हजार उस्तै हो । समयअनुसार भिन्नता धेरै नै छ । त्यतिखेर रेस्पोन्स, सम्मानजनक काम हुन्थ्यो । अहिले कुनै पनि कलाकारको भ्यालु छैन । पारिश्रमिक मात्रै ठूलो होइन रहेछ, सम्मानजनक रूपमा काम गर्नु र अर्काको अगाडि दरिद्री बनेर पैसा मात्र हेर्नु फरक कुरा हो । पहिले र अहिलेमा काम गराईमै पनि धेरै फरक छ । अहिले कमाउने हिसाबमा काम हुन थाल्यो, त्यतिखेर कामलाई पूजा गरिन्थ्यो । त्यतिखेरको काम गराइले लक्ष्यमा पुगेको अनुभव हुन्थ्यो ।

*अहिले किन कलाको सम्मान हुँदैन र ?*

कलाको सम्मान नै छैन । नाचघरको कार्यक्रममा स्टेजमा टेक्न पाउनु नै सम्मान हुन्थ्यो । अहिले पैसाको लागि आफ्नो कला र गलालाई कुल्चिएर झुक्ने प्रवृत्ति बढ्यो त्यसैले कला गलाको पनि भ्यालु छैन । कलाकार धेरै छन् अहिले तर धेरै हुँदैमा बिग्रिएको होइन आफ्नो सम्मान आफैंले अपमानमा बदलेका छन् स्रष्टाले । पहिलेकै उपयुक्त रहेछ भन्ने लाग्छ जुन बेला सम्मानजनक आत्मीयता हुन्थ्यो । अहिले क्वालिटीको मान्छे पनि आएनन् जस्तो लाग्छ, क्वान्टीटीका हिसाबले पनि काम गर्न आउँछन् । नामसँग जोडिएको कामलाई ध्यान दिनु पर्छ । काममा विश्वास र पूजा गर्नुपर्छ । सानो ठूलो नभनी राम्रो गर्नुपर्छ बल्ल सम्मान पाइन्छ भन्ने लाग्छ ।

*अहिले त भिडियोमा मुर्गा बनाउने चलन छ रे नि ? तपाईंले चाहिँ कतिलाई मुर्गा बनाउनुभयो ?*

शिव विकले मुर्गा बनाको भए शिव विक नै मुर्गा बनिसक्थ्यो । ०५१ देखि ०७३ सम्मको अनुभवले त्यो खालको काम गरेको भए शिव विक यो ठाउँमा हुन्थेन होला । यत्रो ठूलो भिडमा संघर्ष गरिरहेको छु, निरन्तरता पनि छ, अहिले पनि म यहीँ छु । मेरो विश्वास र परिश्रम लगनशीलता जारी छ । पैसा नै सबै कुरा भएको भए पैसा हुन्थ्यो शिव विक हुन्थेन । मैले त्यो काम गरिनँ तर पछिल्लो समय धेरै यस्तो प्रवृत्ति बढेको सुन्छु । म सन्तुष्ट छु, सरस्वति र लक्ष्मी सँगै हुन् भन्ने अनुभव छ । शिव विक पैसा कमाउन यो क्षेत्रमा आएको होइन । पैसा कमाउने भए त म विजनेश, घर जग्गाको काम गर्थें । म पुरानो निर्देशक सोचर वा अड मानेर होला त्यस्तो कुरा लिएर आउँदैनन् । कम्पनीसँग मिलेर काम आएको भए मलाई थाहा छैन तर सिधै आएका भने कोही पनि छैनन् ।

*शिव विक महंगो निर्देशक भएर नआएका हुन् कि ?*

शिव विक महंगो छ भनेर हल्ला गर्नेहरू धेरै छन् । पर्ने रेट जे छ त्यही लिने हो । क्यामेरा, गाडी, मोडल र स्पटम्यान सबैलाई चाहिने कुरा नै हो । मेरो लेबल अनुसार एक दुई हजार बढी लिएको हुँला । नयाँ निर्देशकसरह म छैन पनि । मलाई महंगो भनेर आफैं गर्ने र फसाउने धेरै छन् । फसेपछि गुनासो गर्न आउँछन् । बाहिरको प्रोडक्सनमा काम गर्नु परे १५ हजारसम्म मेरो रेट हो, आफ्नै प्रोडक्सनमा काम गर्दा १० हजारभन्दा लिएको छैन । तर कतिलाई सहयोग र सपोर्ट गरेको पनि छु । चार्ज नलिइकन पनि काम गरेको धेरै रेकर्ड छन् । मलाई महंगो भनिदिए काम आफैंलाई आउँछ भन्नेहरू पनि धेरै छन् यहाँ ।

*निर्देशनसँगै मोडलिङ पनि गर्नुहुन्छ कलाकार नभेटेर हो किन आफैं पैसा लिने उद्देश्यले हो ?*

पछिल्लो समय भिडियो बनाउने चलन नै विकृतिका रूपमा आयो, जो पनि कलाकार भए । गीतवालाले आफैं गरिदिनुस् भन्छन्, चार्ज कम लाग्ने र खर्च बचाउने काम गर्न खोज्दा म परेको हुँ । राम्रो लागेको गीत मात्रै गरेको छु । जति कलाकार भित्र्याएँ, चले पनि तर मेरो नाम कहिल्यै लिएनन् । त्यो कारणले पनि आफैं मोडलिङ गरेको हुँ । आफूलाई चिनाउनको लागि गरेको पनि हुँ । पैसा तिर्न सके राम्रा कलाकार जति पनि भेटिन्छन र पैसा लिएर कलाकार बन्न आउनेहरू पनि धेरै छन् ।

*तपाईंले ब्रेक दिएका कलाकार ?*

पहिला कहि न कहिँ काम गरेका थिए होलान् तर दोहोरीको म्यूजिक भिडियोमा कृष्ण फिल्म्सबाट शंकर बिसी, प्रकाश, विजय, विनोद श्रेष्ठ, सगुन शाही, रश्मी तामाङ, विनु खड्का, कृष्णा रसाइली, पूजना प्रधान, कविता थपलिया जस्ता कलाकारलाई मैले अगाडि ल्याएको हुँ । सेन्टिमेन्टल गीतबाट रञ्जिता गुरूङ, राज तिमिल्सिनालाई पनि मैले म्यूजिक भिडियोमा ल्याएको हुँ । त्यस्तै लोकदोहोरीमा हिरो प्रवेशको काम पनि मैले सुरूवात गरेको हुँ । अभिनेता भुवन केसी, राजेश हमाल, शिव श्रेष्ठ, धिरेन शाक्य, आयुष रिजाल, अमृतजंग बस्नेत, श्याम घिमिरे, अभिनेत्री उषा पौडेल, मेलिना मानन्धर, प्रिया रिजाल, निरूता सिंह, सोनिया केसी, बलिउड स्टार कृष्ण सबैलाई लोकदोहोरीमा अभिनय गराएको छु ।

*जीवनमा कतिखेर चाहिँ खुशी लाग्छ ?*

आफूले राम्रो काम गर्दा, प्रोडक्ट गरेको कलाकारले नाम लिँदा, सम्मान गर्दा ज्यादै खुशी लाग्छ । सम्मान भन्दैमा खुट्टा ढोग्नु पर्छ भन्ने होइन, जन्मभूमि, गुरू, मातापिताको सम्मान गर्ने संस्कार बुझेमा पुग्छ ।

*अहिलेसम्म कामको मूल्यांकन कतिखेर भएजस्तो लाग्छ ?*

निरन्तर काम गर्ने मान्छे विश्राम पनि लिँदैन, खुशी पनि हुँदैन, आत्मसन्तुष्टि लिनु ठूलो हो । मैले काम गरेर अवार्ड पाउँदैमा खुशी हुने, नपाउँदा दुःखी हुने वा कार्यक्रममा बोलाए भन्दैमा खुशी हुने पनि होइन । काममा ध्यान दिनु जरूरी छ । अझै राम्रो गरूँ, फरक दिन सकुँ राम्रो गर्ने फरक गर्ने भनेर नाम लिने दिन आओस् । १० वटा काममा २ फरक होस् भन्नेमा लाग्छु । हो, ती दिनहरू देखेर सबैले पक्कै मूल्यांकन गर्नेछन् ।

*कुनै यस्तो दिन आइदिए हुन्थ्यो लागेको छ कि ?*

सबैको सोचाइ ठूलो हुन्छ तर कहिल्यै यस्तो सोचेको छैन । यो यात्रा हो कहाँसम्म पुगिन्छ आफ्नो बाटो हिंडिरहन्छु । धान रोपेको भए पो यो दिन पाक्छ भन्ने हुन्छ तर यो क्षेत्रमा त्यो पनि हुन्न । अन्तिममा मैले पाउने मरन नै हो । त्यो चाहिँ पक्का छ तर अरू कुनै यस्तो दिनको आश गरेको छैन । जे पाउनु छ अगाडि पाइरहेको छु । मेरो राम्रो काम सुन्न र हेर्न पाउँ त्यो भन्दा आत्मसन्तुष्टि अरूमा मिल्दैन ।

*यतिका काम गर्नुभयो सम्मान र अवार्ड पनि त धेरै होलान् नि ?*

यो क्षेत्रमा २१ वर्ष काम गर्दा सम्मान र अवार्ड पाउने हिसाबले काम गरेको छैन । निरन्तर काम गरैँ । पछिल्लो समयमा साथीभाइले पाउँदा आफूले नपाउँदा दुःखी पनि भइँदोरहेछ । आजभोलि मैले किन पाइन भनेर खोजी गर्न थालेको मात्र हुँ । यो क्षेत्रमा बुझैँ कामलाई मात्रै हिंडेको रहेछु । मलाई अवार्ड सम्मान कसैले दिएन । यो क्षेत्रमा अग्रज हुँ जस्तो लाग्छ । काम पनि राम्रै छ, वाही वाही पनि गरेको सुन्छु । कास्टको कारणले हो की कसैसँग घनिष्ट पनि छैन, झुकेर काम पनि गरेको छैन । कामलाई हेरेर काम दिओस् त्यही मूल्यांकन हो । म्यूजिक खबर म्यूजिक अवार्डबाट पहिलो अवार्ड पाउँदा धेरै खुशी भएँ र दुःखी पनि । शिव विक लोकदोहोरीमा काम गर्दा यतिका वर्ष कुनै अवार्ड पाइनँ तर अवार्ड उसले जति माया बोलको आधुनिकबाट पाएँ । लोकदोहोरीको क्षेत्रमा अवार्ड गर्ने वा प्रतिष्ठानले कहिल्यै बोलाएनन् । सम्मान गरेनन् । कामको कदर बल्ल भयो जस्तो लाग्यो, । लोकदोहोरीबाट पहिलो अवार्ड विन्ध्यवासिनी म्यूजिक अवार्डबाट पाएँ । यही वर्ष क्यापिटल नेशनल अवार्ड मेरो मुटुमा तिमी छौ पाएँ । तामाङ म्यूजिक अवार्ड सेलो गीतबाट पनि पाएको छु ।

*भनेपछि प्रतिष्ठानले तपाईंको मूल्यांकन गरेन भन्ने हो ?*

लोकदोहोरी म्यूजिक भिडियो निर्माणको सुरू बनाउने शिव विक हो । अहिले सबैभन्दा राम्रो भिडियो बनाउने पनि मै हुँ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानले कहिल्यै शिव विकको कदर गरेन । बढी काम लोकदोहोरीमा गरैँ, प्रतिष्ठानले कहिल्यै वास्ता गरेन । मैले ल्याएको कलाकार सबैभन्दा प्यारो हुने मैले गरेको काम नराम्रो हुने अनि मलाई नै नबोलाउने किन ? चाप्लुसी नगरेर हो की । खुशीले चल्ने हो घमण्ड गरेको पनि होइन । प्रतिष्ठानभन्दा अगाडि शिव विक आएको हो । अहिले राम्रो गाउने आउँदैमा नारायण गोपाल सक्कियो भन्ने पनि होइन । म प्रतिष्ठान र कलाकारले वेवास्ता गरिएको व्यक्ति हुँ । एक्लो छु, खुबीले मात्र टिकेको छु ।

व्यवसायीसँग संगीतका कुरा

# "आनन्द कार्कीसँग डेट जान मन लाग्छ"



कमला घिमिरे निरौला
ब्यूटिसियन

**म्यूजिक खबर**/काठमाण्डौ

श्रृंगार बिना आज महिलाले आफूलाई अपूर्ण महशुष गर्छन् । श्रृंगार महिलालाई सुन्दरता झल्काउने एउटा अभिन्न पाटो हो । आजका महिला आफूलाई सक्दो सुन्दर देखाउन चाहन्छन् । यस्तै आफ्नो सुन्दरतामा निखार ल्याउन चाहनेहरूका लागि र सुन्दर बनाउने सिप सिक्न चाहनेहरूका लागि विगत ९ वर्षदेखि सौन्दर्य व्यवसायमा संलग्न छिन् कमला निरौला । सामाखुसी क्षेत्रमा अब्बल सौन्दर्यकर्मीका रूपमा स्थापित भैसकेकि कमलाले पिसफुल ब्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर मार्फत आफूलाई सक्रिय बनाउँदै आएकी छिन् ।

वि.सं. २०३६साल पौष २७ गते सुनसरीको चकरघट्टीमा जन्मिएकी कमलालाई सानैदेखिको अभिरूचीले आज सफल सौन्दर्यकर्मीको परिचय दिलाएको हो । बाल्यकाल सम्झिंदै कमला सुनाउँछिन् – 'कक्षा ३ मा पढ्थें, नक्कल पार्न खुब मन लाग्थ्यो । कपाल काट्न मन लाग्थ्यो । त्यतिबेला कहाँ पाउनु कपाल काट्नलाई कैंची । रहरका अगाडि के लाग्थ्यो र घाँस काट्न प्रयोग गरिने हँसियाले नै कपाल काटेको छु । त्यो नै मेरो ब्युटिसियन बन्ने लक्षण थियो ।' उनी फेरि विगत सम्झिंदै भन्छिन् – यो पेशाको हुटहुटी कति थियो भन्ने अहिले सम्झिंदा पनि अचम्म लाग्छ, हाँसो पनि उठ्छ । बुबा शान्तिसेनाको आर्मी । आमालाई आइस्याडो ल्याइदिनुभएको थियो । त्यो आइस्याडो मैंले स्कुल लिएर गएँ । आफूले लगाएँ, साथीहरूलाई पनि लगाईदिएँ । घरबाट स्कुलमै कम्प्लेन आयो । सरले अनुहार आइस्याडोले पोतेर रातै भएको अवस्थामा भेट्नुभयो । यस्ता सम्झना पनि मेरो लागि ब्युटिसियन बन्ने लक्षण रहेछन् भन्ने लाग्छ ।

आफ्ना सन्तानले पढिदिउन्, राज्यका उच्च ओहदामा पुगुन् भन्ने हरेक आमाबुबाको सपना हुन्छ । कमलाको बुबाले पनि छोरी वकिल बनिदियोस् भन्ने चाहेका थिए । ब्युटिसियन पेशालाई अर्मायादित मान्ने त्यो समाजमा कमलाको परिवार पनि अछुतो रहेन । कमलाको विवाह भयो । सुनसरीकै प्रकाशपुरमा उनी बुहारी भएर भित्रिइन् ।

महिला भएपछि स्वाबलम्बी बन्न सक्नु पर्छ भन्ने कमलाको विचार बुझेपछि उनका श्रीमान्ले टेलरिङका लागि सुझाव दिए । ५०० रूपैंया टेलरिङ ट्रेनिङ सेन्टरमा तिरिदिए । तर मनै नभएपछि के लाग्छ र ? कमलाको मन जति ब्युटिपार्लरमा तन किन जान मान्थ्यो र टेलरिङमा ? ब्युटिपार्लरको कोर्ष सिक्छु नि बरू भन्दा श्रीमान्को खासै सपोर्ट नपाएपनि हिम्मत गरेर सिक्न गइन् उनी श्रीमान्लाई पनि कन्भिस गर्दै गइन् । श्रीमान्ले पनि बुझ्दै जानुभयो । ब्युटिसियन भनेका श्रीमानले छाडेका, बिग्रेका महिलाले मात्र गर्ने अमार्यादित पेशा होइन रहेछ, यो त आजको समाजमा नभै नहुने चिज पो रहेछ भन्नुहुन्छ आजकल त उहाँले ।

दुईवर्षको ब्युटिसियन ट्रेनिङ लिएकी कमलाले गुरूआमा पुनम लामिछानेबाट सिप मात्र नभै जीवनका धेरै कुरा सिकेको बताइन् । बच्चा सानो छँदा श्रीमान् जागिरको सिलसिलामा कहिले गोरखा त कहिले चरिकोट पुग्नु हुन्थ्यो त्यो समयमा आफैंले पार्लर खोल्ने कुरा भएन । तर खाली त बस्न भएन भनेर मनभरि ब्युटिसियनकै सपना बोक्दै ३ वर्षसम्म शिक्षकको जागिर खाएँ । २ वर्ष आर्ट ग्यालरीमा काम गरें । बसेर मात्र आजसम्म खानु परेको छैन । काम गरेरै खाएको छु । मैंले बसेर खाएको भनेकै दुई बच्चा जन्मिएर सुत्केरी हुँदा हो ।

यसरी आफ्ना घतलाग्दा र पौरखी कुरा सुनाइरहँदा अनि पार्लर चाहिं कहिले देखि खोल्नु भयो नि ? भनेर सोध्दा मैंले २०६३ सालदेखि पिसफूललाई सार्वजनिक गरेकी हुँ । टिनएजरदेखि बुढ्यौलीसम्मका महिलाहरू सौन्दर्यसम्बन्धी समस्या समाधानका लागि आफ्नो ब्युटिपार्लरमा आउने दाबी गर्छिन् । उनका श्रीमान आर्मीको जागिरे हुन् भने उनी बहादुरी बुहारीको रूपमा परिचित छिन् । यदि आर्मीको जागिर ब्यूटिसियन नभएको भए बुढो हलो जोत्ने म डल्ला फोर्ने काममा हुन्थ्यौं, उनले ठट्टा गर्दै भनिन् अहिले सुखमय जिन्दगी जीउन पाइएको छ । काठमाडौंमा घर बनाउन सफल भएका छौं । अब केही वर्षमै ४ कोठा लिएर ब्यूटिपार्लरलाई स्पाको रूप दिने योजना उनीसँग रहेको छ ।

कमलालाई गीतसंगीत औधी मन पर्छ । उनी पार्लरमा गीत सुन्दै काम गर्छिन् । उनलाई आधुनिक गीतहरूले मन छुने गर्छ । सबैभन्दा बढी उनी अन्जु पन्तको स्वरका गीतहरू र आनन्द कार्कीको स्वरमा रहेको सम्झी सम्झी रूनु भन्दा, तिमीलाई मन पराएँ जस्ता गीत बढी सुन्ने गर्छिन् । उनले हाँस्दै भनिन्– गायक आनन्द कार्कीसँग डेट जान मन लाग्छ रे । गीत पनि उहाँकै मन पर्छ भने डेट जान के नै हुन्छ होला र ! गीतसंगीतबिना मानिसको जिन्दगी अधुरो हुन्छ जस्तो लाग्छ कमलालाई ।



# शान्तिप्रियको लोकप्रियता

**म्यूजिकखबर** । नेपाली चलचित्र पत्रकारिता तथा मनोरञ्जनको क्षेत्रमा कलम चलाउँदै सफलताको उचाईमा पुगेका व्यक्तित्व हुन् शान्ति प्रिय । मनोरञ्जनको क्षेत्रमा उनी जति सक्रिय छन्, त्यति नै चर्चित र लोकप्रिय पनि छन् त्यसैले यस क्षेत्रमा उनलाई सबैका प्रिय अर्थात् शान्ति प्रिय भनेर पनि चिन्ने गरिन्छ । हाल चलचित्र पत्रकार संघका अध्यक्ष समेत रहेका शान्ति प्रियले पत्रकारिताको क्षेत्रमा मात्र आफ्नो कलमको मसी खर्च गर्दैनन् गीतिलेखन, कविता, मुक्तक लगायत अन्य साहित्यिक विधामा प्रयोग गर्दै आएका छन् । साथै केही चलचित्रमा समेत उनको अभिनय हेर्न पाइने गरेको छ भने सोसल मिडियामा दिनहुँ सार्वजनिक हुने उनका मुक्तक र वाणीले पनि उनी चर्चामा नै रहेका छन् । यसर्थ पनि शान्तिप्रियलाई चलचित्र जगतमा बौद्धिक तथा बहुआयामिक व्यक्तित्व भन्न सकिन्छ । शान्ति प्रिय जति पत्रकारितामा सफल छन् त्यति नै गीतकारको फाँटमा पनि सवल छन् । उनले सृजना गरेका गीतले सांगीतिक बजार पनि तताउने गरेका छन् । चर्चित चलचित्र छक्का पन्जाको 'देखन चम्पा' बोलको गीतले गीतकारको परिचयलाई अझ मजबुत बनाएर चर्चामा आएका शान्तिप्रियको यतिबेला नयाँ गीतको भिडियो सार्वजनिक भएको छ । 'मत माया गर्ने मान्छे' बोलको गीतमा संगीत सन्तोष श्रेष्ठको सङ्गीत र प्रमोद खरेलको माधुर्य स्वर रहेको छ । सार्वजनिक म्यूजिक भिडियोमा सन्दिप शाही र अनामिका चौलागाईं फिचरिङ रहेको छ भने निर्मल शर्माले निर्देशन गरेका गरेका छन् । गीतमा सिनेमाटोग्राफी सुदिप बरालको छ भने टेकेन्द्र शाहले यसलाई सम्पादन गरेका हुन् । गीतलाई निर्माण कम्पनी छायाँछवि क्रियसनको युट्युब एकाउन्ट मार्फत सार्वजनिक गरिएको छ । 'हामीले गीतमा चोखो माया गर्ने मान्छेलाई धोखा दिएपछि आउने अवस्थालाइ देखाएका छौं' निर्देशक शर्माले गीतको कथाको बारेमा बताए । यता गीतकार शान्तिप्रिय पनि मायालाई मूल्यमा तौलिन नहुने बताउँछन । ' माया गर्ने मान्छेसँग कति मूल्य छ भन्दा पनि कस्तो मन छ भन्ने हेर्नु पर्छ, यसै भावलाई गीतमा उतारेको छु' गीतकार शान्तिप्रियले गीतका बारेमा प्रस्ट्याए । अहिले छोटो समयमानै यो गीत चर्चित बन्दै गैरहेको छ । सार्वजनिक भएको केही दिनमै यो गीतले यूट्युबमा राम्रो दर्शकको पाइरहेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मनोरञ्जन समाचारका लागि
SCREENNEPAL
म्युजिक डायरी Music Diary
साप्ताहिक फिल्मी खबर
हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार





# संगीतका पूजारी विपिन

**म्यूजिक खबर**/काठमाण्डौ

संगीतकार विपिन आचार्य व्यस्त संगीतकार हुन् । उनी संगीतकारका अलावा राम्रा एरेन्जरका रूपमा परिचित छन् । मेहनती र परिश्रमी संगीतकर्मीहरूको नामको पंक्तिमा संगीतकार विपिन आचार्य पनि पर्ने गर्छन् ।

२०५९ सालमा फत्रन देउ बोलको गीतमा शब्द र संगीत भरेर संगीतको क्षेत्रमा प्रवेश गरेका थिए । त्यसपछि बिक्दैन यो जवानी बोलको गीत तयार भएपछि त्यसले बजारमा आउन पाएन फलतः उनको सांगीतिक करिअरमा ठेस लागेको अनुभव थियो । आचार्यले धेरैलाई गायक बनाइदिए, धेरैलाई संगीतकार बनाईदिए र धेरै उनकै पछि लागेर गीतकार पनि बने । तर उनी भने सबैलाई डुंगा तार्ने माझीजस्तो भएर काम गरिरहे ।

चलचित्र मेरो एउटा साथीबाट चलचित्र संगीतमा लागि परेका विपिनले करिब दुई दर्जन चलचित्रमा संगीत भरिसकेका छन् । श्रीमान श्रीमती, इकु ब्याक अगेन, कसलाई आफ्नो भनुँ, माइ ब्रदर, विरासत, सुन्तलीलाई भगाइ लग्यो झिल्केले लगायत भोजपुरी चलचित्रहरूमा पनि विपिनले संगीत दिइसकेका छन् । तर उनका संगीत चले पनि उनी सधैं पर्दा पछाडि नै परिरहेका संगीतकार हुन् । प्रायजसो चलचित्र आफैंमा नचल्दा पनि उनलाई चिन्न गाह्रो परेको हो । आधुनिक, पप, चलचित्र र लोक सबै विधामा आफ्नो संगीत र संगीत संयोजनलाई प्रस्तुत गरिसकेका विपिनले कसैको चाकडी नगरेकै कारण नाम नचलेको होला भन्न पछि पर्दैनन् । म काममा विश्वास गर्छु, निरन्तर आफ्नो सिर्जना पस्किरहन्छु अरूको पछाडि दौडिन चाहन्न, विपिनले भने । उनले संगीतका गरेका गीतहरू माण्डवी त्रिपाठीको बारूले कम्मरले धेरै चर्चा पायो तर उनको संगीत भनेर चिन्ने कमै भए । यस्ता उदाहरणमा उनले धेरैको शब्दमा संगीत भरे, धेरैलाई गीतकार बनाइदिए तर आफ्नो कामको इमान्दारिता भने गुमाएनन् ।

संगीतकार विपिनले संगीतमा लागेर धेरै काम गरे, धेरै गीतहरू चर्चाको शिखरमा पनि पुगे तर मानसम्मान र अवार्डको विषयमा सधैं पछाडि परिरहे । म काममा विश्वास गर्छु, संगीतको पूजारी हुँ त्यसैले संगीतकै मन्दिरमा सदा सर्वदा निरन्तरता दिइरहन्छु मान सम्मान त्यहीं मिल्छ विपिन भन्छन् । विपिनले हालसम्म दुई वटा अवार्ड चुम्न सफल भएका छन् । म्यूजिक खबर म्यूजिक अवार्डमा सर्वोत्कृष्ट संगीत संयोजकको अवार्ड चुमेका छन् भने रापती म्यूजिक अवार्डमा सर्वोत्कृष्ट राष्ट्रिय भावको गीतको अवार्ड चुमे । निरन्तर काम गरेपछि एकदिन सबैले मूल्यांकन गर्छन् भन्ने कुरामा विश्वास लिने गरेका विपिनले हाल आफ्नै गीतसंगीत रेकर्ड गर्नका लागि स्टुडियो समेत खोलेका छन् । सामाखुशी कपुरधारा नजिकै रहेको एमबी म्यूजिक स्टुडियो संचालनमा ल्याएका छन् । त्यही स्टुडियोमा उनको जिन्दगानी बितेको छ । विहान उठेदेखि बेलुकासम्म स्टुडियो, संगीत, एरेन्ज भन्दैमा दिन बित्ने गरेको विपिनको ।

पछिल्लो समयमा विपिनले आफूलाई संगीतकार, एरेन्जर र गीतकार मात्र होइन अभिनयमा पनि उत्तिकै सक्रियता देखाएका छन् । आफ्ना गीतका म्यूजिक भिडियोमा उनी आफैं मोडलका रूपमा पनि प्रस्तुत हुने गर्छन् । आफ्नो रहर एकातिर छ भने अर्कोतिर मिडियाले संगीतकार, गीतकार, एरेन्जर भनेर चिनिरहेको बेलामा मोडलिङलाई पनि सँगै लिएर हिंड्दा अनुभव बटुल्न सजिलो हुने बताउँछन् ।

यहाँ मिडियाको पछि लाग्नेहरू धेरै छन् जसले छिटो चर्चा ल्याउला अनि विदेश जाने डकुमेन्ट बन्ला तर मलाई विदेश जानु नै छैन, चर्चा त राम्रो काम गरेपछि आफैं पाइन्छ । तर कहिलेकाहीं उनलाई मिडियाले कसको काम हो भनेर नछुट्याउँदा भने दुःख लाग्ने गरेको छ । केही समय पहिला सुन्तलीलाई भगाइ लग्यो झिल्केले चलचित्रको गीतमा संगीत भरे अनि कालिप्रसाद बास्कोटालाई गाउन लगाए । मिडियाले कालिप्रसादको संगीत भनेर उल्टो लेखिदियो त्यतिखेर हावाको भरमा हिंड्ने मिडिया रहेछन् भन्ने उनको मनमा लाग्यो । मिडिया भनेबो सत्यतथ्य लेख्ने हो तर आजभोलि मिडियाका नाममा धेरै अगाडि आएका छन् । तिनीहरूले नै सही समाचार नलेखी हचुवाको भरमा लेख्ने र गुलामी, पर्चाकारिता गर्दा हाम्रो सिर्जनाले धोका खान पुगेको हो, विपिन बताउँछन् ।

## गसीप



### 'म दुई हली भएको गोरु हुँ'

विगत चार पाँच वर्ष भयो होला चर्चित संगीतकार सुरेश अधिकारी संगीतकर्मीको लँडाइ लड्दै आएका छन् । रोयल्टीको मुद्दा लिएर हिंड्दा हिंड्दै संगीत सिर्जनामा उनको ध्यान कम र रोयल्टीमा धेरै भएको देखिन्छ । रोयल्टी संकलनका मुद्धाहरूमा धेरै उपलब्धि हासिल गरिरहेको भए पनि उनीमाथि रोयल्टीको ठेक्का लिएको भन्ने आरोप पनि बेला बेलामा आउने गरेको छ । राजधानीमा भएको एक एल्बम विमोचन कार्यक्रममा संगीतकार अधिकारीले म गोरू हुँ, तर अलि फरक गोरू हुँ । अरू गोरूहरूले जोत्दा एक हली र दुई गोरू हुन्छन् दुई हली भएको एउटा गोरू हुँ । उनले भने संगीतकार लक्ष्मण शेष र महेश खड्का हली हुन् म गोरू हुँ । शेष र खड्काले अघि तान्ने र पछिबाट लखेट्ने अनि चिमोटि रहने गर्छन् म त्यही अनुसार अघि बढ्छु ।

उनको यो कुरा सुनेर कति त आश्चर्यमा परे । कस्तो मान्छे होला यस्तो चलेको संगीतकार भएर पनि आफूलाई गोरू भनिरहन्छ भने मनमनै विचार गर्नेहरू धेरै थिए । तर रोयल्टीको अभियानमा अधिकारीलाई सधैं काम गर्न उर्जा दिइरहने दुई संगीतकार खड्का र शेष हुन् भन्ने कुरा संगीतकार अधिकारी प्रमाणि गर्न खोज्दै थिए । संगीतकार र गीतकारको हकहितका लागि खुलेको संगीत रोयल्टी संकलन समाजका अध्यक्ष अधिकारीले आफ्नो अभियानले अब सफलताको बाटोतिर लागेको भन्दै सबैलाई अब रोयल्टी बुझ्न पाउने दिन आएको समेत बताए ।

STREETNEPAL.COM total newsportal

व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

New World
The best Shirting Suiting & Tailoring Center
Bagbazar (opposite of PK Campus) Tel: 01-4244789

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# गायिका बन्न सरकारी जागिर छाडें

**सविता पोखरेल**, म्यूजिक खबर

२०५० साल फागुन ११ स्याङ्जाको निवुवा खर्कमा जन्मिएकी गायिका सन्जु न्यौपाने । झट्ट हेर्दा नायिका भन्दा कम देखिन्नन् उनी । त्यसैले त उनको स्वर सुन्न नपाएकाहरूले उनलाई नायिकाका लागि कर्म बनाउ भन्ने सुझाव दिन्छन् भने मोडलिङ र अभिनयका लागि पनि अफरहरू आउने गर्दछन् । एक दर्जन जति म्यूजिक भिडियो र टेलिफिल्महरूमा समेत अभिनय गरिसकेकी छिन् भने प्रदर्शनको तयारीमा रहेको चलचित्र 'निर्भय'मा समेत उनले आफ्नो कला कौशल प्रस्तुत गरिसकेकी छिन् । निर्भयमा नायिका निता ढुंगानाको बहिनी भएर चरित्र निर्वाह गरेकी न्यौपानेलाई यस्ता अफरहरू त अनगिन्ती आएको बताउँछिन् उनी । यदि आएका अफरहरूलाई मैंले स्वीकारिसकेकी थिएँ भने अहिले १ नम्बरकै कलाकार पो बन्थें होला उनले भनिन् । अनि यहि क्षेत्रमा परिचय खोज्ने फेरि यहि क्षेत्रबाट आएका अफरलाई किन रिजेक्ट गर्नुभएको नि भनेर सोध्दा उनी भन्छिन् 'हैन हैन मैंले अभिनय मार्फत मेरो परिचय खोजेकै छैन नि । म नायिका तथा मोडल सन्जु न्यौपाने नभई गायिका सन्जु न्यौपानेको परिचयबाट चिनिन चाहन्छु ।'

सानैदेखि गीत संगीत भनेपछि भुतुक्क हुने सन्जु २०६८ सालमा एसएलसी दिएर शसस्त्रको जागिरमा जोडिन पुगिन् । शसस्त्रको जागिर मार्फत करिव ३ वर्षको समय उनले नवलपरासीमा बिताइन् । जागिरे जीवनमा रहँदै गाना बजानाप्रति आकर्षित बनेकी सन्जुलाई दिदी जमुना गैरेले गरेको साथ र सहयोगले पनि झन् बढी यो क्षेत्रमा दिगो समर्पण गराएको बताउँछिन् । यसो त उनलाई स–परिवारले गरेको साथ सहयोग पनि कम नरहेको उनको बताउँछिन् ।

नेपालको परिवेशमा सरकारी जागीर पाउनु ठूलो कुरा हो । यस्तो अवस्थामा पाएको जागिरलाई छोड्न मन त सन्जुको पनि थिएन तर पनि उनले छोड्न पुगिन् । नवलपरासीमै आयोजना भएको एक सांस्कृतिक कार्यक्रममा नाम चलेका अग्रज कलाकारहरूको साथमा उनले पनि प्रस्तुति दिने मौका मिल्यो । उक्त कार्यक्रमरूमा बिमलराज क्षेत्री, राजन गुरूङ, राजु परियारको साथमा सन्जुले पनि पहिलो पटक प्रस्तुति दिने सौभाग्य पाइन् । उक्त प्रस्तुतिलाई दर्शकले अत्यन्त रूचाए नै, अग्रज कलाकार राजु परियार लगायत सबैले उनको स्वरको खुब तारिफ गरे । मान्छे पनि राम्री त्योभन्दा स्वर झन् राम्रो रहेछ । यति राम्रो स्वर भएको मान्छे यतिकै बस्नु हुँदैन । सांगीतिक क्षेत्रमा अगाडि बढ्नु पर्छ । सन्जु न्यौपानेको परिचयले अब तिमीलाई पुग्दैन, गायिका सन्जु न्यौपानेको परिचय बनाउन अघि बढ भन्ने सुझाव दिनुभयो । मलाई पनि त्यस्तै लाग्यो । हो नि म पनि योग्य छु नि गाउन । भने किन अब नगाउने अब भनेर सांगीतिक क्षेत्रमा नै अगाडि बढ्ने सोचले भइराखेको सरकारी जागिर छाडेर यहि क्षेत्रमा होमिन पुगें, उनले आफ्ना दिनहरू सुनाइन् ।

कलाकारिताका मोफसल भन्दा राजधानीमा बसेर धेरै गर्न सकिन्छ भन्ने सुनेको थिएँ । यसर्थ म पनि संगीतमा साधना गर्दै गायिकाको परिचय बजबुत बनाउन राजधानी छिरेको हुँ । काठमाण्डौ आएपछि गाउँले दाजु नविन पाण्डेसँगको सहकार्यमा एल्बम निकालें उनले भनिन्– सांगीतिक क्षेत्रमा नै आफ्ना पाइलाहरू चाल्दै आएकी छु, मलाई गायिका सन्जु भनेर चिनाउने गीत भने 'डाली नुहेछ, हेर्दा हेर्दै बिहे गर्ने उमेर पुगेछ' बाट चिनिएको बताउँछिन् । लोकदोहोरीमा आफ्नो करिअरलाई समर्पण गर्दै आएकी सन्जुले यो क्षेत्रलाई कहिल्यै छाड्न नसक्ने बताउँछिन् ।



















